वर्ष १८ | अंक ४३ | नेपाल संवत् ११४० | २०७६ कातिक २५ गते मंगलबार | 12 Nov. 2019 | पृष्ठ ८ | मूल्य रु. १०

एउटै पढे पुग्छ
# समाधान
samadhannews.com




# विद्यामा रवीन्द्र देख्ने मतदाता

अमृत सुवेदी
पोखरा, २५ कात्तिक

पहिलोपटक संसदीय चुनाव उठेकी विद्या भट्टराई देखिएकी थिइन्, अनुभवीजस्तै । हात हल्लाउँदै, घरि अंकमाल गर्दै त घरि हात मिलाउँदै घरदैलो सुरु हुनै लाग्दा भीड जम्मा भइसकेको थियो । हँसिलो अनुहार, शालिन बोली र मान्छेपिच्छे, 'सञ्चै हुनुहुन्छ ? सब ठीक छ नि ?' भन्दै अगाडि बढ्दै थिइन् विद्या ।

मुस्कुराहटसहित हात हल्लाउँदै अगाडि बढेकी विद्यामा कसैले स्वर्गीय पर्यटनमन्त्री रवीन्द्र अधिकारीको अनुहार देखे । नजिकै खासखुस सुनियो, 'विद्यालाई त गहिरिएर हेर्दा रवीन्द्र जस्तै देखिँदो रहेछ । शैली पनि त्यस्तै ।' मध्यम कद । फूलबुट्टे सारीमाथि गाडा नीलो कोट । गलामा मालामा हँसिलो चेहेरा । सोमबार बिहान ८ बज्नै लाग्दा घरदैलोमा हाजिर भएकी थिइन्, उम्मेदवार विद्या भट्टराई अधिकारी ।

गणेश टोलमा छ, नेकपाको निर्वाचन परिचालन वडा कार्यालय । कार्यालयमा बिहान साढे ७ बजे नै भेला भइसकेका थिए, नेपाल कम्युनिस्ट पार्टीका नेता कार्यकर्ता । त्यही कार्यालयमा जम्मा भएर पोखराको वडा नम्बर ४ मा पहिले नै तय थियो, नेकपाको घरदैलो कार्यक्रम ।

विद्याले सोधिन्, 'आज कहाँबाट सुरु गर्ने हो घरदैलो ?' उनीसँगै थिइन्, प्रदेश सभा सांसद प्रभा कोइराला, नेकपाबाट वडाध्यक्षका प्रत्यासी कृष्ण पराजुली, व्यवसायी सञ्जीवबहादुर कोइराला लगायत । उनीहरुले सुझाए अनुसार विद्या अगाडि बढिन् । पुरानो शैलीको घरको ढोका बुढी आमानेर पुगेर विद्याले भनिन्, 'आमा म विद्या भट्टराई । सूर्यमा भोट हाल्नुस् । तपाईंहरुकै छोरी सम्झेर आशीर्वाद दिनुस् ।'

बुढी आमाले विद्याले गाला मुसारिन् । मुस्कुराइन् र भनिन्, 'सफल हुनु मेरो आशीर्वाद छ ।' सँगै रहेकी प्रभाले थपिन्, 'बुढाबुढीलाई भत्ता दिलाउने पार्टी हो ।'

गणेशटोलकै अर्की आमा आइपुगिन् र विद्यालाई अंगालो मारिन् । उनले रवीन्द्रको सम्झना गर्दै भनिन्, 'भाइ साह्रै असल थियो, बित्यो । अब बहिनीले जित्नुपर्छ । मैले त भोट हाल्न पाउँदिनँ । मैले भोट हाल्ने रसिद स्याङ्जातिर छ । म यहाँ छोराबुहारीलाई भन्छु ।' ती आमा रहिछन्, भद्रीमाया श्रेष्ठ ।

पोखरा ४ नेपाली कांग्रेस बाहुल्य वडा मानिन्छ । यो वडामा स्थानीय तहको निर्वाचनमा पनि कांग्रेसले जितेको छ । यही वडाबाट आइतबार कांग्रेसले घरदैलो अभियान थालेको थियो । सोमबार घरदैलोमा त्यही वडा पुगेर विद्याले भोट मागिन् ।

विद्याले न विपक्षीको नाम लिइन्, न कुनै आलोचना वा न कुनै पार्टीलाई नै गाली गरिन् । उनले आफू दृढ संकल्पका साथ, हिजोको राजनीतिक पृष्ठभूमि र संघर्षलाई टेकेर जनताको प्रतिनिधि बन्न उम्मेदवार भएको बताइन् ।

'मलाई रवीन्द्र अधिकारीको पत्नीका नजरले मात्र पक्कै हेर्नुहुने छैन, राजनीतिक आन्दोलनमा होमिएँ । महिला आन्दोलनमा अगुवाइ गरें, संघर्ष गरें । समाजलाई नजिकबाट चिनेकी बुझेकी छु । अधिकारको लडाइँ लडेरै यहाँसम्म आइपुगेकी चेली हुँ,' मतदातासँग विद्याले भनिन् ।

रवीन्द्रसँग विवाह भएकै कारण र केही समय अनुभवको क्षेत्र बदलेकै कारण गलत नजरले मतदाताले हेर्नुहुन्न भन्नेमा आफू ढुक्क रहेको उनको भनाइ थियो । 'जनताले नै ५ वर्षका लागि जनमत दिएर पठाउनुभयो । तर, रवीन्द्रजीको दुर्घटनामा ज्यान गयो । पार्टीले मेरो योगदानलाई कदर गर्दै उम्मेदवार बनाएको छ,' उनले भनिन्, 'म शोकलाई शक्तिमा बदलेर जनताको अधिकारको पक्षमा लड्ने साहस बटुलेर घरदैलोमा आएकी छु ।'

विद्या खुट्टा खोच्याउँदै हिँडिरहेकी थिइन् । उनको हिँडाइ देखेपछि १ जनाले सोधे, 'उहाँको खुट्टा दुखेको कि यस्तै हो ?' उनको १ खुट्टामा समस्या रहेछ । नेता दामोदर बैरागीले जवाफ दिए, 'उहाँको १ खुट्टा जन्मजात सानो छ । तर, हेर्नुस् त कति रफ्तारमा हिँड्नुहुन्छ ? खुट्टा खोच्याउनुहुन्छ तर सोच, क्षमता, आत्मविश्वास र योजनामा एकदमै बलियो हुनुहुन्छ ।'



**पोखरा ४ मा सोमबार मतदातालाई अभिवादन गर्दै विद्या।** *तस्बिर: सुरेश सुनार*

घरदैलोकै क्रममा विद्या गणेश टोलकै १ घरमा पुगिन् । एक युवती घरबाहिर निस्केर हात मिलाइन् र विद्याको उम्मेदवारीमा खुसी साटिन् । विद्याले चुनावी पर्चा दिँदै भनिन्, 'एजेन्डा पढ्नू र भोट हाल्नू ।' युवती रहिछन्, डा. सञ्जीता पालिखे । उनले शुभकामना दिइन् र यो कुरा (माङ) आमालाई पनि भन्ने बताइन् ।

घरदैलो गर्न पुगेको समूह अर्को घरमा पुग्यो, ढोकैनेर थिए कृष्णहरि पालिखे । उनले विद्याले जित्ने विश्वास व्यक्त गरे । 'घटना घट्यो र रवीन्द्र बिते । नत्र उनी धेरै राम्रा थिए । यिनले पनि धेरै मतले जित्छिन् होला,' पालिखेले भने, 'तर, भोट हाल्ने जनतामा कहिल्यै अन्याय नहोस् ।'

विद्याले जनताका सुखदुखमा सँगै हुन

> **'विद्यालाई त गहिरिएर हेर्दा रवीन्द्र जस्तै देखिँदो रहेछ। शैली पनि त्यस्तै। हात हल्लाउँदै, घरि अंकमाल गर्दै त घरि हात मिलाउँदै मान्छेपिच्छे, 'सञ्चै हुनुहुन्छ ? सब ठीक छ नि ?' भन्दै अगाडि बढ्दै।**

र अधिकारका निम्ति लड्न कहिल्यै नचुक्ने बाचा गरिन् । भोट माग्न पुगेकी विद्या एउटा गल्लीभित्र छिरिन् । जसमध्ये गएको १ घरमा आँगनमा वैशाखी छेउमा राखेर कुर्चीमा बसेका थिए, १ ज्येष्ठ नागरिक । सूर्य चिह्न, र हासिहथौडाको झण्डा बोकेका केही नेता कार्यकर्तासँगै पुगेकी विद्याले पर्चा दिइन् र भोट मागिन् । उनले कम्युनिस्ट भएर कहिल्यै आफ्नै सुखसयल र ऐस आराममा रमाउन नहुने भन्दै पुष्पलाललाई सम्झे । मकै भटमास खाएर कम्युनिस्ट पार्टी बनाएको उनले विद्यालाई सम्झाए । उनी रहेछन्, केदार बजिमय । ८६ वर्षीय केदारले पुष्पलालसँग संगत गर्ने मौका पाएको र कम्युनिस्ट कसरी बन्ने भन्ने उनीबाट सिक्नुपर्ने विद्यालाई सुझाए । विद्याले आशीर्वाद लिँदै भनिन्, 'तपाईंहरुजस्तो आग्रहले भनेको शिरोपर गर्दै कम्युनिस्टहरुको विचार, सिद्धान्त र व्यवहारलाई सधैं मनमा लिएर अघि बढ्नेछु ।' केदारले शुभकामना दिँदै भने, 'तिमीहरुको जीत पक्का छ । दुख गर्नुपर्छ । कम्युनिस्ट चरित्र कहिल्यै बिर्सन हुँदैन ।'

त्यहाँबाट निस्कँदा १ जना बटुवा भेटिए । चुनावी प्रचार टोलीबाट पर्चा पाएपछि उनले चुनावमा धेरै आश्वास बाँढ्नुभन्दा नेताले काम गरेर देखाउनुपर्ने बताए । उनले भने, 'भोट माग्ने बेलामा यस्तो, उस्तो भन्यो काम हुने होइन । भाषण होइन, काम गरेर देखाउनुस् ।'

विद्याले मुस्कुराउँदै जवाफ दिइन्, 'पहिलो पटक उम्मेदवार बनेकी हुँ । काम गर्ने अवसर दिनुहोस् । म प्रश्न गर्ने ठाउँ राख्ने छैन ।'

गणेश टोलदेखि अलिमाथि लागेपछि आइपुग्छ गणेशमान चोक । चोकमा लौहपुरुष गणेशमान सिंहको शालिक छ । विद्याले गणेशमानको शालिकमा माल्र्यापण गर्दै उनको स्मरणमात्रै गरिनन्, स्वच्छ राजनीति र समाजवादको बाटोमा देशलाई हिँडाउने बाचा पनि गरिन् ।

यही गणेशमानको शालिकमा माल्यार्पण गरेर आइतबार नेपाली कांग्रेसका उम्मेदवार खेमराज पौडेलले घरदैलो अभियान सुरुआत गरेका थिए । विद्याले देश र जनताका निम्ति असल काम गर्ने नेताबाट सबैले पाठ सिक्नुपर्ने बताइन् । 'देशका निम्ति काम गर्ने नेतालाई सबैले गर्व गर्नुपर्छ । मैले गणेशमान सिंहबाट पनि आशीर्वाद लिएकी छु,' विद्याको भनाइ थियो ।

चुनावी घरदैलोमा न त विद्याले कसैसँग तीतो पोखिन् न उनीप्रति कसैले वैरभाव नै देखाए । म विद्या भन्दै भोट माग्दा कसैले भने मैले चिन्छु विद्या भण्डारी होइन र पनि भने । कांग्रेसका कार्यकर्तासामु पनि उनले निहुरिएर आशीर्वाद र शुभकामना लिइन् । वडा नम्बर ४ का कांग्रेस अध्यक्ष गोविन्द पराजुलीसँग विद्याको बाटैमा भेट भयो । विद्याले भनिन्, 'भोट दिन नसके आशीर्वाद दिनुस् ।'

गोविन्दले उत्तर फर्काए, 'भोटै दिन त नसकौंला तर शुभकामना छ ।' वडा नम्बर ४ का वडाध्यक्ष शंकर बास्तोलासँग पनि विद्या शुभकामना माग्न पुगिन् । विद्या कुन पार्टी र कसका कार्यकर्ता हुन् भन्ने नहेरी सबैसँग विनम्र भएर भोट मागिरहेकी थिइन् ।

बिहान ८ बजेदेखि १२ बजेसम्म निरन्तर घरदैलोमा हिँडेपछि उनको खाना खाने समय भयो । त्यही उनले केही सुखदुख पनि साटिन् । 'पहिलोपटक चुनावमा होमिएकी हुँ । तर, मतदातासँग एकदम परिचितजस्तो लागिरहेको छ । तपाईंले जसरी पनि जित्नैपर्छ भनिरहनुभएको छ,' उनले समाधानसँग भनिन् ।

हिजो स्वर्गीय रवीन्द्र र नेकपाले पूरा गर्न बाँकी प्रतिबद्धता, हिजो दिएको वचन, गरेका घोषणा पूरा गर्ने प्रतिवद्धताका साथ चुनावमा होमिएको विद्याले खुलाइन् ।

उनले कार्यक्रमहरुमा पटकपटक भन्दै आइरहेकी थिइन्, ममाथि प्रश्न उठिरहेका छन् । मत माग्न जाने क्रममा चाहिँ कस्ता प्रश्न आए त ? 'प्रतिस्पर्धामा आउँदा स्वाभाविक प्रश्न उठ्दो रहेछ । हिजो विद्या राजनीतिमा थिइनन् । आज एक्कासि टिपेर ल्याइयो भनिएको छ । संवेदनाको मन लिनमात्रै ल्याइयो भनिरहेका छन्,' उनले भनिन्, 'नेकपाको सरकारले काम गर्न सकेन भन्ने अर्को प्रश्न पनि उठिरहेका छन् । सरकारको जनमत संग्रह पनि भनिराखिएको छ । यी कुरालाई मैले घरदैलामा प्रस्टाइरहेकी छु ।'

सहानुभूतिको मत त नेकपाले लिनै खोजेको होइन र, यसमा विद्याले फरक ढंगले प्रस्टाइन् । रवीन्द्र अधिकारीसँग जनताको हार्दिकतापूर्ण सम्बन्धका कारण आफूमाथि मान्छेले सहानुभूति राख्न पाउने विषयलाई गलत रुपले बुझ्न नहुने उनको भनाइ थियो ।

निर्वाचित भएर संसदमा पुगेपछि प्रदेश र संघसँग समन्वय गरेर काम गर्ने विद्याको भनाइ छ । देशका गौरवका आयोजनालाई समयमै सक्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने विद्याको प्रतिबद्धता छ । 'महिला प्रतिनिधि पनि हुँ । महिलामाथिका अन्याय र विभेदका विरुद्ध लड्दै महिलालाई आत्मनिर्भर बनाउन भूमिका खेल्छु,' उनले योजना सुनाइन् ।

### कास्की २ का स्वतन्त्र उम्मेदवारलाई चुनाव चिह्न

# कलम, किताबदेखि फूल र माहुरी

ईश्वर देवकोटा
पोखरा, २५ कात्तिक

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कास्की क्षेत्र नम्बर २ मा भाग लिएका २१ उम्मेदवारले चुनाव चिह्न पाएका छन् । उपनिर्वाचन कार्यक्रम तालिका अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालयले सोमबार स्वतन्त्रसहितका सबै उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरेको हो । कास्की २ मा १० स्वतन्त्रसहित ११ दलीय गरी २१ उम्मेदवार चुनावी मैदानमा प्रतिस्पर्धी छन् । दलीय उम्मेदवारलाई निर्वाचन आयोगमा दर्ता भएको चुनाव चिह्न प्रदान गरिएको सहायक निर्वाचन अधिकृत रामचन्द्र उपाध्यायले जानकारी दिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले १० जना स्वतन्त्र उम्मेदवार वा तिनका प्रतिनिधिलाई विभिन्न चिह्नमध्ये रोज्न लगाएको थियो । स्वतन्त्र उम्मेदवारहरुले आफूलाई मन परेको चिह्न राजेका हुन् । कुनै पनि उम्मेदवारले राजेको चिह्न एउटै नपरेकाले पनि कार्यालयलाई चिह्न वितरण गर्न सहज भएको थियो ।

स्वतन्त्रमा उम्मेदवारी दिएका पोखरा १७ का ५६ वर्षीय रनबहादुर दमैले आफ्नो चुनाव चिह्न 'डोजर' रोजेका छन् । ३ दशकदेखि मजदुरी गर्दै आएका रनबहादुरले मजदुरको हकहितमा आवाज उठाउन चुनावमा होमिएको बताउँदै मजदुरलाई सुहाउँदो चिह्न रोजेको बताए । 'पाए त बेल्चा, जावेल रोज्न हुन्थ्यो, यहाँ रहेनछ । मजदुरलाई मिल्ने खालको चिह्न डोजर देखें,' उनले भने । निर्वाचन अधिकृतको कार्यालयबाट चिह्न पाएसँगै पर्चा छपाएर कास्की २ का ११ वडामै प्रचारका लागि पुग्ने उनले प्रतिक्रिया दिए ।

विवेकशील नेपाली दलबाट उठेकी जमुना शर्माले 'गुलाबको फूल' चुनाव चिह्न पाएकी छन् । विवेकशील आयोगमा दर्ता नभएकाले स्वतन्त्रसरह नै चिह्न पाएको हो ।

चुनावी प्रतिस्पर्धामा सत्तारुढ दल नेकपाबाट विद्या भट्टराई (सूर्य), प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसबाट खेमराज पौडेल (रुख), राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोमबहादुर भण्डारी (गाई), संघीय समाजवादी पार्टीबाट धर्मराज गुरुङ (हत्केला), साझा पार्टीबाट रजनी केसी (तराजु)ले दलीय चिह्न नै पाएका छन् ।

अनुसूची-२७
(दफा ४६ को उपदफा (१) सँग सम्बन्धित)
स्वतन्त्र उम्मेदवारको लागि निर्धारित निर्वाचन चिह्नहरू




नेपाल कम्युनिस्ट पार्टी (माले)का टेकनाथ भण्डारी (हसिया तारा), नेपाली कांग्रेस (बिपी) का तर्फबाट चन्द्रबहादुर रानाभाट (कलश), राष्ट्रिय जनमुक्ति पार्टीका तर्फबाट पूर्णबहादुर राना (घर), देशभक्त समाजका तर्फबाट वीरबहादुर विश्वकर्मा (जरायो), राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)बाट गंगा मल्ल (हलो), मंगोल नेसनल अर्गनाइजेसनबाट रियाज गुरुङ (कुखुराको भाले) ले समेत दलीय चुनाव चिह्न पाएका छन् ।

स्वतन्त्र उम्मेदवार उमानाथ गौतमले किताब, कमलजंग कुँवरले शंख, दीपक रेग्मीले क्यामेरा, नवराज बास्तोलाले कलम, यज्ञप्रसाद पंगेनीले आँप, रनबहादुर दमैले डोजर, लक्ष्मीकुमारी भुजेलले माहुरी, सुनीलबहादुर कोइरालाले टेबुल, सुनील भुसालले क्रिकेट ब्याट चिह्न पाएका छन् ।


मंसिर १४ गते अगाडि मौन अवधि सुरु हुनेसमयसम्म उम्मेदवारले प्रचार गर्न पाउने भएका छन् । दलीय उम्मेदवार रहेका प्रतिपस्पर्धी मनोनयनको कार्यक्रम सकिएसँगै चुनाव प्रचारमा जुटेका छन् । कास्की २ मा ११ वडाका गरी कुल ७१ हजार ८ सय ७१ मतदाता उपनिर्वाचनमा सहभागी हुनेछन् ।

मतदाताको भोट आफ्नो पोल्टामा पार्न स्वतन्त्र सहितका दलीय उम्मेदवारले विभिन्न एजेन्डा अघि सारेका छन् । निर्वाचन आयोगले उपनिर्वाचन कार्यक्रम अनुसार मंसिर १४ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान गर्ने तालिका तय गरेको छ । मतदाताले आफ्नो मतदाता नामावली दर्ता भएको नजिकको मतदान केन्द्रमा गई भोट हाल्नुपर्ने छ । मतदाताले भोट हाल्ने दिनसम्मका लागि सम्पूर्ण पूर्वतयारी सकिएको सहायक निर्वाचन अधिकृत रामचन्द्र उपाध्यायले जानकारी दिए ।



# पोखरामा बुधबार आँखादान कार्यक्रम

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक



पोखरामा आँखादान कार्यक्रम हुने भएको छ । मृत्युपछि आँखादान गर्ने गरी प्रतिबद्धता गरेर आँखादानको घोषणा गर्न सकिनेछ । बुधबार बिहान साइमन पार्टी प्यालेसमा हुने कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको आयोजक संस्था लायन्स क्लब अफ पोखरा मिड टाउनका अध्यक्ष सुरेन्द्र पौडेलले जानकारी दिए ।

'मृत्युपछि आँखादान गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्ने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको हो,' पौडेलले भने, 'बुधबारसम्म ५० जनाले आँखादान प्रतिबद्धता गरेका छन् ।' हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा कार्यक्रम हुने सचिव तथा कार्यक्रम संयोजक विकास भुर्तेलले जानकारी दिए ।

# नागढुंगा क्षेत्रमा सिसी क्यामेरा

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

पोखरा ८ नागढुंगास्थित सिद्धार्थ राजमार्ग र यससँग जोडिएका ९ वटा सहायक सडक क्षेत्रमा २२ वटा सिसी क्यामेरा जडान गरिएको छ । नागढुंगा विकास समाजको 'सिद्धार्थ मार्ग सिसी क्यामेरा जडित क्षेत्र अभियान अन्तर्गत २२ वटा क्यामेरा जडान गरिएको समाजले जनाएको छ ।

पोखरा ८ का अध्यक्ष रुद्रनाथ बरालले नागढुंगा विकास समाज महानगरकै उत्कृष्ट संस्था भएको बताए । उनले वडाको अभियानमा पूर्ण सहयोग पुऱ्याएकोमा धन्यवादसमेत दिए । सिसी क्यामेरा जडानपछि सुरु गरिएको सभामा वडा सदस्य कृष्णमान ठुसाजूले समाजको पहलमा भएको सिर्जनात्मक कामले आफूलाई उत्साहित बनाएको बताए । उनले स्थानीयको पहलमा सिसी क्यामेरा जडान लगायत सामाजिक एवं भौतिक क्षेत्रमा नागढुंगा विकास समाजले पुऱ्याएको योगदानको चर्चा गरे ।



कार्यक्रममा वडा प्रहरी कार्यालय बैदामका निरीक्षक बुद्धिसागर पुरीले सिसी क्यामेरा जडानबाट सबैभन्दा खुसी प्रहरी प्रशासन भएको बताए । उनले सिसी क्यामेराको प्रभावकारीता कायम राख्न छिट्टै विशेष कार्यक्रम ल्याइने जानकारी दिए । कार्यक्रममा महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले सिसी क्यामेराको महत्व र उपयोगिताबारे प्रकाश पारेका थिए । सभामा स्थानीय चण्डीप्रसाद अर्यालले प्राविधिक पक्षबारे जानकारी दिएका थिए । संस्थापक अध्यक्ष एकनारायण ढकालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै नाम मात्रको सिसी क्यामेरा हुनबाट जोगाउन समाज सधैं क्रियाशील हुनुपर्नेमा जोड दिए । कार्यक्रममा क्यामेरा तथा बत्ती जडान उपसमितिका संयोजक नरबहादुर थापा, स्थानीय प्राविधिक चण्डीप्रसाद अर्याल, ऋषिराम शर्मा, गंगादेवी ढकाल र प्राविधिक मातृका पोखरेललाई सम्मान गरिएको थियो ।

समाजका अध्यक्ष डम्मरराज सुवेदीको अध्यक्षतामा भएको क्यामेरा अन कार्यक्रममा क्यामेराको सुरक्षार्थ नरबहादुर थापालाई संयोजकको जिम्मेवारी दिइएको छ । केशवराज ढकाल र चण्डीप्रसाद अर्याल सदस्य रहेको ३ सदस्यीय संरक्षण उपसमितिले नियमित अनुगमन गर्ने छन् । उपसमिति सल्लाहकारमा बैदाम प्रहरी निरीक्षक बुद्धिसागर पुरी, अस्थायी प्रहरी पोस्ट सिर्जनाचोकका इन्चार्ज यामप्रसाद गौतम, वडा सदस्य लक्ष्मी कौशल छन् । स्थानीयको ५ लाखको लागतमा कार्यक्रम भएको समाजका सल्लाहकार भीमनाथ बरालले जानकारी दिए । कार्यक्रम सञ्चालन सचिव अपिला बरालले गरेकी थिइन् ।

# चिप्लेढुंगामा ७४ युनिट रगत संकलन

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

चिप्लेढुंगा मिनी मार्केट व्यापारिक एसोसिएसनद्वारा छैटौं स्थापना दिवसको अवसरमा आयोजित रक्तदानमा ७४ युनिट रगत संकलन भएको छ । रक्तदानको नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेश अध्यक्ष यदुनाथ अधिकारीले पहिलो रक्तदाता नीलकण्ठ रेग्मीलाई ब्लडब्याग हस्तान्तरण गरी शुभारम्भ गरे ।

संस्थाले व्यवसायीका हकहितका अलावा संस्थागत सामाजिक उत्तरदायित्वको काम गरेको उनले बताए । उनले विज्ञान र प्रविधिको जति सुकै विकास भए तापनि रगतको उत्पादन गर्न नसकेको परिवेशमा रगतको अभाव हुन नदिन नयाँ नयाँ रक्तदाताको संख्या बढाउनुपर्ने उल्लेख गरे ।

कार्यक्रममा पोखरा चेम्बर अफ कमर्स कास्कीका वाणिज्यतर्फका उपाध्यक्ष प्रेमबहादुर भुजेल, चिप्लेढुंगा मिनी मार्केट व्यापारिक एसोसिएसनका अध्यक्ष इन्द्रबहादुर कार्की, संस्थापक अध्यक्ष उमराज बास्तोला, एसोसिएसनका उपाध्यक्ष सीता सुवेदी, महासचिव निरु बोगटी, वरिष्ठ सल्लाहकार बलराम ढुंगाना, एसोसिएसनका जग्गा धनी बलराम बास्तोला, बजार सञ्चालक रतनकुमार कार्की, सरल नमुना बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष निर्मलप्रसाद बास्तोला लगायतले बोलेका थिए ।

# मनोहरका खेलाडीलाई सम्मान

पोखरा, २५ कातिक (समाधान)- मनोहर युवा क्लबले मेरो नेपाल युवा क्लबले आयोजना गरेको खुला सेभेन ए साइड फुटबल प्रतियोगितामा क्लबको तर्फबाट सहभागी खेलाडीलाई शनिबार सम्मान गरेको छ ।

क्लबले मेरो नेपाल युवा क्लबले आयोजना गरेको पाँचौ संस्करणको प्रतियोगिताको उपाधि हात पार्न सफल भएको उपलक्ष्यमा खेलाडीलाई सम्मान गरेको हो ।

मनोहरका अध्यक्ष रामजी जिसीले खेलाडीलाई हौसला बढाउन सम्मान गरेको सुनाए ।

कार्यक्रममा वडा नम्बर १४ का अध्यक्ष प्रेमबहादुर कार्की, क्लबका वरिष्ठ सल्लाहकार जेबी कुँवर, सल्लाहकारहरु ललितबहादुर बानियाँ, बोधराज कार्की, गोकर्ण कार्की, रेशम जिसी, रामचन्द्र केसी, इन्द्रामाया बानिया, कानुनी सल्लाहकार उत्तम केसी, मनकामना मन्दिरका अध्यक्ष बासुदेव बानियाँ, क्लबका उपाध्यक्ष दीपेन्द्र केसी, कोषाध्यक्ष शैलेष बानियाँ, खेल संयोजक मीलन केसी, आर्थिक संयोजक महेश बानियाँ लगायतले खेलाडीहरुलाई प्रमाणपत्र, खादा, माला र अबिर लगाई सम्मान गरेका थिए ।

क्लबको तर्फबाट खेलमा सहभागी हुने खेलाडीहरु टिम क्याप्टेन उत्तम गुरुङ, जीवन गुरुङ, हेमन गुरुङ, मनबहादुर तामाङ, राम कार्की लगायतलाई सम्मान गरिएको थियो । क्लबका अध्यक्ष रामजी जिसीको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालन सचिव रविकिरण पराजुलीले गरेका थिए ।


## प्राइभेट SEE, +2 मा भर्ना

- ग्रेडिङ सिस्टम अनुसार घरमै बसी स्वअध्ययन गरेर वा नियमित कक्षा लिएर SLC/SEE मा १००% पास गर्न सकिने छ। साथै SEE/SLC मा जुनसुकै Grade आएकाले पनि **कक्षा ११ तथा ६ महिनामै +२ पास** गर्न सकिने।
- कक्षा ६, ७ र ८ फेललाई विशेष कक्षाको व्यवस्था ।

**हाइलाइट ओपन स्कूल**
सृजनाचोक, पोखरा-८, फोन: ०६१-५३९५५१, ९८५६०३९५५१

## आवश्यकता

प्रकाशित मिति : २०७६/०७/२६

यस **श्री दामगाडे मावि**, फेदीखोला-१, स्याङ्जामा रिक्त अनुदान कोटा (राहत करार शिक्षक) मावि तृतीय श्रेणीमा विज्ञान/गणित शिक्षक आवश्यकता परेकाले दरखास्त आब्हान गरिन्छ ।

**विज्ञापन नं.** : ३/०७६
**विज्ञापन मिति** : २०७६/०७/१७ गते
**पद** : मावि राहत शिक्षक (विज्ञान/गणित)
**विषय** : विज्ञान /गणित
**तह** : मा.वि.
**श्रेणी** : तृतीय
**पद संख्या** : १
**तलब स्केल** : नेपाल सरकारको नियमानुसार
**शैक्षिक योग्यता** : BSC वा सो सरह
**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननागेको

आवश्यक कागजातहरु:
१. नेपाली नागरिकताको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रतिलिपि
३. अध्यापन अनुमति पत्रको प्रतिलिपि

**आवेदन शुल्क** : रु. १,०००।-
**आवेदन दिने अन्तिम मिति:** २०७६/०८/०१ गतेसम्म ।
**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
**सम्पर्क मिति** : २०७६/०८/०२ गते
**परीक्षा मिति** : सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

प्रधानाध्यापक
**श्री दामगाडे माध्यमिक विद्यालय**
फेदीखोला, गाउँपालिका वडा नं.१, दामगाडे, स्याङ्जा, फोन नं.: ९८५६०३२४६४

## Vacancy Announcement

A Reputed Montessori School **"Evergreen Montessori School"** Pokhara-03, Nadipur is seeking for young energetic and capable candidates for the following post.

1. **Post** : Teacher
2. **No of Quantity** : 2
3. **Level** : Toddler to class 1
4. **Minimum Qualification** : +2 or equivalent (with Majoring English)
5. **Trading** : Montessori trained
6. **Last date for submission** : 2076/07/30
7. **Contact Date** : 2076/08/01

*Interested Candidate can apply for better career. Salary and other benefits will be commensurate on performance.*

**Principal**
**Ever Green Montessori School**
Pokhara-03, Nadipur
Ph. 061-520441, 9846022530

## कर्मचारी आवश्यकता

यस **अनुकुल कृषि सहकारी संस्था लि.** को लागि तपसिलको कर्मचारी आवश्यकता परेकोले योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**पद : कर्जा व्यवस्थापक-१ जना पुरुष**
**योग्यता :** BBS पास वा सो सरह
**अनुभव :** सहकारी वा वित्तीय क्षेत्रमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको
**उमेर :** २० वर्ष पूरा भई ३५ वर्ष ननाघेको
नेपाली, अंग्रेजी टाइपिङ World तथा Excell मा ज्ञान भएको साथै सवारी चालक अनुमति पत्र प्राप्त भएको हुनुपर्ने
**सेवा सुविधा :** संस्थाको नियम अनुसार
**दरखास्त दिने अन्तिम मिति :** २०७६/०८/२ गतेसम्म
**आवश्यक कागजात :** हस्तलिखित निवेदन, बायोडाटा, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो, अनुभवको प्रमाण पत्र साथै अन्य कागजातहरु

सम्पर्क :
**मानव संशाधन उप समिति**
**अनुकुल कृषि सहकारी संस्था लि.**
पोखरा-७, रत्नचोक, ०६१-४६२७३८

## तु आवश्यकता

**कुक- १ जना**
**कुक हेल्पर- १ जना**
**म:म, चाउमिन लगायत अन्य परिकार बनाउन जान्ने।**
**सम्पर्क :**
**९८१६६४४१६२**

## तु आवश्यकता

**वेटर - १ जना**
**हेल्पर - १ जना**
**खान बस्नको सुबिधा छ।**
**फोन नं.**
**061-538323, 9856072642**






## अर्जेन्ट चाहियो

**No Interview, Direct Job**
साधारण लेखपढ : 3 जना
SLC : 4 जना
+2 aboe : 6 जना
तलब : १३५०० देखि १९५०० सम्म
सुविधा : दैनिक गाडी भाडा+ मासिक बोनस
सम्पर्क :
**9816139404, 9819152574**
(अनुभव नभएकालाई पनि प्राथमिकता)

## अफिसको लागि

NO Interview
NO Experiene
साधारण- ५ जना
SLC- ४ जना
+2 ABOVE-३ जना
तलब : 14000 देखि 18500 सम्म
अन्य सुविधा : दैनिक गाडि+मासिक बोनस
सम्पर्क : 9805240858, 9846381661
बगर
समय : ११ बजेदेखि ५ बजेसम्म
नोट : +2 / Bachelor Person लाई प्राथमिकता

## रेष्टुरेण्ट बिक्रीमा

- पोखरा चिप्लेढुंगा निभा गल्लीमा रहेको
- १००-१५० जना अटाउने क्षमता
- लाइभ म्युजिक स्पोर्ट बार चालउन मिल्ने
- ३००० वर्ग मिटरको ठाउँ भएको आदि
- सुविधा भएको रेष्टुरेण्ट विशेष कारणवश तु बिक्रीमा ।

*नोट : घर जग्गा, गाडीसँग पनि साटफेर गर्न सकिनेछ ।*
सम्पर्क :
**९८५११२९९२२**
**९८६८५७५२५५**

## अफिसको लागि

**थप कर्मचारी**

| योग्यता | आ. संख्या | ल. तलब |
| --- | --- | --- |
| साधारण | ३ | १४००० देखि २०००० |
| SLC | ५ | |
| +2 above | ३ | |

सम्पर्क :
**9821325720**
**9803519148**

## रेष्टुरेन्ट बिक्रीमा

पोखराको लेकसाइड बाराही मार्ग मा (रोज गार्डेन) अवस्थित चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणवश तु बिक्रीम छ।
सम्पर्क:
*रोज गार्डेन रेष्टुरेन्ट*
**9856037982, 061-462799**

## पसल बिक्रीमा

**फ्रेस हउस, तरकारी फलफूल र फास्टफुड सहितको पसल बिक्रीमा छ।**
सम्पर्क :
**9846000155, 9806579045, 9856067181**

## रेष्टुरेन्ट बिक्रीमा

पोखरा - १५ रामबजारमा रहेको चालु अवस्थाको खाजाघर बिशेष कारणवस तु बिक्रीमा छ ।
सम्पर्क :
**9817121716**

## बिक्रीमा

**रेष्टुरेन्टको फर्निचर, फ्रिज, किचनको सामान सुपथ मूल्यमा साथै आलु चिप्स तथा दालमोठको मेसिन बिक्रीमा।**
सम्पर्क :
9856024478
(भीम थापा)

## अर्जेन्ट चाहियो

कार्यालयका लागि कर्मचारी आवश्यकता
साधारण - ३ जना
SEE - ५ जना
+2 above - ५ जना
*तलब: १३,५०० देखि १९,५०० सम्म*
*अन्य: गाडिभाडा+ बोनस*
सम्पर्क:
नयाँबजार 9815157802
न्यूरोड, नगरपालिका 9846388326, 9816622792
नोट: अर्जेन्ट परेकाले पहिला आउनेलाई प्राथमिकता।

## कर्मचारी आवश्यकता

मार्केटिङ -
१ जना (जेन्स)
आफ्नै साधन (बाइक,स्कुटर) भएको हुनुपर्ने
सम्पर्क :
**9841278099, 061-468044**

## नयाँ अफिसको लागि

स्वास्थ्य जनजागरण कार्यालयलाई निम्न कर्मचारी आवश्यकता ।
साधारण: ५ जना
SEE- 5
+2 above-6
तलब: १४५०० देखि १९,५०० सम्म
अन्य सुविधा: दैनिक गाडी भाडा, मासिक बोनस
9825126111, 9856032351
9825153028
*नोट: अर्जेन्ट परेकाले पहिला आउनेलाई प्राथमिकता।*

## अफिसको लागि

**संख्या : केही**
योग्यता : Test, SEE, +2above
तलब : १४५००-१९५०० सम्म
समय : ११ देखि ५ बजेसम्म
सम्पर्क :
**9816118765**
**9806544029**
नोट : केही साधारण लेखपढलाई पनि अवसर

## तु आवश्यकता

किचन सेफ - १ जना
तन्दुरी कुक - २ जना
स्टाफ कुक - २ जना
म:म, चाउमिन बनाउने हेल्पर - २ जना
डिसवासर - २ जना
वेटर -२ जना
तलव : ७ हजार देखि ३५ हजार सम्म काम हेरेर
अनुभविले सम्पर्क गर्नुहोला
सम्पर्क : 9804120271

## तु आवश्यकता

यस कम्पनीलाई निम्न कर्मचारी आवश्यकता!
**सहायक मेनेजर महिला- १ जना**
**रिसेप्सनिष्ट महिला - १ जना**
**कम्प्युटर डिप्ले एण्ड एकाउन्टेन टिचर- १ जना**
**Opportunity Global Pvt. Ltd.**
चिप्लेढुंगा-४, पोखरा
**061-534063, 9826156911**

## तु आवश्यकता

महिला /पुरुष
**फोटो ग्राफर - २ जना**
**रिसेप्सनिष्ट - २ जना**
**कुक, वेटर, क्लिनर- १० जना**
**फेन्सी, कस्मेटिक, घरमा- ४ जना**
**इलेक्ट्रिसियन -४ जना**
NESCC **महेन्द्रपुल**
9806611862, 9808333128
नोट : आकर्षक तलब सुविधा सहित खान बस्नको व्यवस्था

## तु आवश्यकता

**स्टोर किपर- १ जना (पुरुष)**
खाना, खाजा र बस्नको सुविधासहित
**तलब : १० हजार**
सम्पर्क :
कास्की मोर्डनाइज्ड एकेडेमी
पोखरा-१४, वि.पी. मार्ग
**०६१-५३९००७, ९८५६०८१२९९**

## नयाँ अफिसको लागि

साधारण लेखपढ-३ जना
SEE-५ जना
+2 above- ४ जना
सम्पर्क
**9806646755, 9829114743**
तलब : १४,५००-२०,००० सम्म
समय : ११ बजेदेखि ५ बजेसम्म
सुविधाः गाडीभाडा
नोट : अर्जेन्ट परेकोले पहिला आउनेलाई विशेष प्राथमिकता

## तु-चाहियो

नगरपालिकास्थित फ्रान्सेली विजनेश Project को लागि थप कर्मचारी आवश्यकता।
साधारण: ५ जना
एस.एल.सी: +३ जना
+2 above: ५ जना
तलब: १५,०००देखि १९,००० सम्म
सम्पर्क: 9805821072, 9846057770, 9825121466
नोट: पहिला आउनेलाई जब ग्यारेन्टी ।
समय: ११ बजेदेखि ४:३० बजेसम्म

## फेन्सी बिक्रीमा

**पृथ्वीचोकस्थित सस्तो बजारभित्र अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल बिक्रीमा ।**
सम्पर्क :
9825121290
9846244976

## तु-आवश्यकता

**हाउस किपिङ- ५ जना**
सम्पर्क:
होटल रानीवन आर्केड
पोखरा-६, लेकसाइड, गौरीघाट
फोन नं.: **061-467300, 467301, 9846794798**

## लेडिज फेन्सी बिक्रीमा

पोखरा गैह्रापाटन चोकैमा रहेको अत्यन्त चालु अवस्थाको लेडिज फेन्सी पसल सिकिस्त बिरामि भइ चलाउन नसकेका कारण सुपथ मूल्यमा तुरुन्त बिक्रीमा छ ।
**मूल्य: ४ लाख ५० हजार**
सम्पर्क :
9825137488

## रेष्टुरेन्ट बिक्रीमा

पोखरा रानीपौवा टेलिकम भन्दा चार सटर तल, इन्दु राइस मिलको पारीपट्टी चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क: **९८४६७७१६५६**

## तु आवश्यकता

**हाउस किपिङ- ३ जना**
(परिवार सहितको लागि प्राथमिकता)
**वेटर- २ जना**
**रूम ब्वाई- २ जना**
सम्पर्क:
**९८५६०-०९२३९, ०६१-५२५०२०**

## URGENTLY WANTED

Min. 2 years Experienced and well versed staff required for a reputed restaurant
**Barman, 2 Person**
**Accountant-1 Person**
**Cleaner- 1 Person Ladies**
Salary : Attractive
**Contact - iBlues Restro**
061-528904, 9846043005
Email : thapalokbahadur6@gmail.com

## फेन्सी पसल बिक्रीमा

**पोखराको चिप्लेढुंगा स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवश तु बिक्रीमा छ।**
सम्पर्क :
**९८४६०५०२५५**
**९८०६५४५००८**

## आवश्यकता

पोखरा लेकसाइडमा भर्खरै सञ्चालन हुन लागेको ला.एसिया स्पा एण्ड सलोनको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यकता परेकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।
- स्पा मेनेजर - १ जना (अनुभवी)
- स्पा थेरापिष्ट - ५ जना
- ब्यूटिसियन - ५ जना
- हेयर स्टाइलिस- ३ जना

सम्पर्क:
**ला. एसिया सलोन एण्ड स्पा**
लेकसाइड, पोखरा
फोन नं.: ९८१६४९३४०२, ९८८०९४५९३८

## व्यूटि पार्लर बिक्रीमा

पोखरा - ११ फूलबारी भस्कर स्कूलको आडमा रहेको अत्यन्त चालु अवस्थाको व्यूटि पार्लर विशेष कारणवस तु बिक्रीमा छ ।
सम्पर्क :
**9826162141, 9846106234**

## पसल बिक्रीमा

पोखरा-१, बगर केआइसिङ पुल नजिकै अत्यन्त चालु अवस्थामा रहेको स्टेशनरी एण्ड गिफ्ट पसल विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
9806135260, 9864372157

## उद्घोषण/भाषणकला

अनुपम म्युजिक तथा कास्की मल्टिमिडियाको आयोजनामा १ महिने उद्घोषण, भाषणकला तालिमका नयाँ कक्षाहरू सञ्चालन भइरहेका छन् । इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
**अनुपम म्युजिक पोखरा**
**गैह्रापाटन, पोखरा**
**9846027823**
अनुपम म्युजिक पोखरा १० औं वर्ष प्रवेशको अवसरमा तालिममा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

## Rental Space For Rent

Prime Rental Space for rent on the main road of Lake Side near Barahi Chowk. The space is around 600 square feet and fully finished. This place is suitable for shop and showroom and Trekking office.
**Please call 98560-41134 or 461466 for more details and to view.**

## संजय चाबी घर

सम्पूर्ण किसिमका गाडी, VW, Breja, Skoda, Hundai आदिका गाडीको चाबी तथा रिमोट बनाउनु परेमा हामीलाई सम्झनुहोला । होम सर्भिसको पनि व्यवस्था छ ।
सम्पर्क :
9846042291
9846361602
061-521532
नम्बर सेभ गर्नुहोला आपतमा काम लाग्नेछ ।

## Offer! Offer!! Offer!!!

- **Basic, Diploma, accounting packeg, office package**
- **Autocad 2D/sketchup3D/ SAP2000**

**आउनुहोस विशेष छुटमा जागिर खानसक्ने भएर जानुहोस्।**
**पोखरा कम्प्युटर इन्स्टिच्युट**
**पृथ्वीचोक पोखरा** (होटल तिरुपतिको अगाडी)
सम्पर्क:
**061-533093, 9856034133, 9846299543**

## गणेशमानको सालिकमा माल्यार्पण गर्दै विद्याले भनिन्

# गणेशमानका सपना हामी पूरा गर्छौं

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

कास्की २ मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)की उम्मेद्वार विद्या भट्टराई अधिकारीले नेपाली कांग्रेसका नेता गणेशमान सिंहको शालिकमा माल्यार्पण गरी सोमबारको घरदैलो सुरु गरिन् । २०४६ को जनआन्दोलनका सर्वोच्च कमान्डरसमेत रहेका सिंह लौह पुरुषका रुपमा चर्चित छन् ।

भट्टराईले पोखरा ४ गणेशटोलमा रहेको सिंहको शालिकमा माल्यार्पण गर्दै समाजवादसम्म पुग्ने गणेशमानको सपना अब कम्युनिस्ट सरकारले साकार पार्ने प्रतिवद्धता गरिन् । सोमबार बिहान रामकृष्णटोल, गणेशटोल, २६ कुरिया लगायतका क्षेत्रमा उनले घरदैलो गर्दै मत मागिन् । घरदैलोका विद्याले ९५ वर्षीया मनकर्मी च्वाईं र ८६ वर्षिय केदार बजिमयको आशीर्वाद लिइन् । च्वाईंले वृद्धवृद्धालाई सहज रुपमा बाँच्न सक्ने वातावरण बनाउन आग्रह गरिन् । सोमबारै फिर्के, सिद्धार्थचोक, चिप्लेढुंगाहुँदै गैह्रापाटनसम्म घरदैलो गरी गैह्रापाटनमा चुनावी कोणसभा भएको चुनाव प्रचार समितिका संयोजक त्रिभुवन पौडेलले जानकारी दिए ।



गणेशमान सिंहको सालिकमा माल्यार्पणपछि विद्या भट्टराई अधिकारी।

उपनिर्वाचनलाई लक्षित गरी कास्की २ मा पर्ने पोखरा महानगरका ११ वटै वडामा चुनावी कार्यक्रम भइरहेका छन् । पोखरा १५मा सोमबार वडाभित्रका ३ वटा टोलमा समन्वय तथा प्रचारप्रसार समिति गठन गरिएको छ । गलेश्वर, गैरीगाउँ, र शिवशक्ति टोलमा प्रेमबहादुर खत्रीको संयोजकत्वमा प्रचारप्रसार तथा घरदैलो समिति गठन गरिएको नेकपा वडा नं १५ अध्यक्ष भक्तबहादुर खत्रीले बताए ।

समिति गठनसँगै कोणसभासमेत भएको छ । सभामा नेकपा कास्की सचिव एवं वडा नं १५ का चुनाव प्रचारप्रसार संयोजक बखानसिंह तमुले समृद्धिको सपना साकार पार्ने अभियानमा सहयोग गर्न नेकपालाई विजयी गराउनुपर्नेमा जोड दिए । उनले पोखराको विकासमा रवीन्द्र अधिकारीको अतुलनीय योगदान रहेको स्मरण गरे । टोल समन्वय तथा प्रचार कमिटीले घर घरमा पुगेर नेकपा उम्मेद्वारको पक्षमा मतदानका लागि अपिल गर्ने उनले जानकारी दिए ।

कार्यक्रममा पोखरा १५ का वडाध्यक्ष प्रकाश पौडेलले वडामा भए गरेका विकास निर्माणका काममा रवीन्द्रको योगदान भुल्न नसकिने बताए । कार्यक्रम गलेश्वर युवा क्लबका अध्यक्ष आशीष भण्डारीको अध्यक्षतामा भएको हो ।

नेकपा उम्मेदवार विद्या भट्टराइलाई विजयी गराउन टोल विकास संस्था र आमा समूह सक्रियताका साथ लाग्ने भएका छन् । पोखरा ११ फूलबारीमा क्रियाशील ४० टोल विकास संस्था र २९ आमा समूहको भेलामा नेकपा नेत्रीलाई साथ दिने प्रतिवद्धता व्यक्त गरिएको छ ।

भेलाले ४० वटै टोलमा १५ देखि ३१ जनासम्म सदस्य रहेको टोल निर्वाचन परिचालन कमिटी गठन गरेको छ । २९ वटा आमा समूहको संलग्नतामा निर्वाचन परिचालन कमिटीसमेत गठन गरिएको पार्टी केन्द्रीय कमिटी सदस्य एवं वडा इन्चार्ज चूडामणि जंगलीले बताए ।

जंगलीले वर्तमान सरकारले गाउँ गाउँमा विकासका योजनाअघि बढाउँदै समृद्धिको सपना साकार गर्दै गएको जनाए । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य मीना गुरुङ, जिल्ला सदस्य रुद्रबहादुर विश्वकर्मा, वडाध्यक्ष हर्कमान विक लगायतले देशको कायकाल्प नेकपाको नेतृत्वमा मात्र सम्भव भएको तर्क गरे ।

वडा निर्वाचन परिचालन कमिटीले फूलबारीका विभिन्न टोलमा घरदैलो गर्दै मत मागेको छ । आइतबार वडा निर्वाचन परिचालन कमिटी कार्यालय स्थापना गरिएकोमा मंगलबार पोखरा ११ काहुँको कालिकाचोकमा उम्मेदवार विद्या भट्टराईको सहभागितामा अर्को निर्वाचन परिचालन कमिटी कार्यालय स्थापना गरिने पार्टीका जिल्ला सदस्य रुद्र विश्वकर्माले बताए ।

# कांग्रेसले सबै संगठन परिचालन गर्ने

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक



नेपाली कांग्रेस कास्कीले पार्टीका सबै भातृ संस्था, समिति तथा शुभेच्छुक संस्थालाई सक्रिय बनाउने भएको छ । भातृ संस्था नेपाल विद्यार्थी संघ, महिला संघ, तरुण दल, शिक्षक संघ, नेपाल ट्रेड युनियन कांग्रेस, दलित संघ, किसान संघ, जनजाति संघ, भूपू कर्मचारी संघलगायतका सबैलाई चुनावमा खटाएको हो ।

सबै संघ संगठनले भेलामार्फत प्रचार समिति गठन गरेर चुनावमा होमिएको छ । चुनावमा कांग्रेसका भातृ समितिमा आवद्ध नेता कार्यकर्ता उत्साहित बन्दै आएका छन् । सबैले यस पटक केही गरेर देखाउने भन्दै चुनामा होमिएका छन् । संगठन प्रमुखले आआफ्ना नेता कार्यकर्तालाई सबै मतदाता समक्ष १ पटक अनिवार्य भेट्न निर्देशन दिएका छन् ।

नेपाल महिला संघ कास्कीकी सभापति एवं चुनाव प्रचार समितिका संयोजक कोपिला रानाभाटले महिला संघ लगायत सबै संगठनका नेता कार्यकर्ताले सबै मतदातालाई १ पटक अनिवार्य भेट्नुपर्ने भनेर निर्देशन दिइएको बताइन् ।

उनले भनिन्, 'पार्टीको निर्देशन अनुरुप हामी पनि समितिमार्फत् मतदाता भेट्घाट अभियान तीव्र बनाएका छौं । यो पहिलो चरणको कार्यक्रम हो । मतदाताका गुनासा सुन्ने र पार्टीको नीति मतदातामा पस्कने काम अहिले भएको छ ।'

त्यस पश्चात् मतदाताका समस्या पार्टीमा राख्ने र सोही बमोजिमको घोषणापत्र लिएर टोलटोलमा पुग्ने लक्ष्य रहेको उनले सुनाइन् । 'यतिबेला कांग्रेसमा उत्साह छाएको छ, सबै चुनावमा परिचालित भएका छन्', रानाभाटले भनिन् ।

कास्की कांग्रेसका सभापति एवं चुनाव प्रचार अभियानका मूल संयोजक कृष्ण केसीले शरीरका सबै अंग चलेजसरी कांग्रेसका नेता कार्यकर्ता खटिएको बताए । उनले यो चुनावमा सबै नेता कार्यकर्ता उत्साहित भएको भन्दै कांग्रेसको पक्षमा माहोल राम्रो देखिएको बताए ।

उनले भने, 'कम्युनिस्ट रवैयाले जनता आक्रान्त थिए । कम्युनिस्ट र कांग्रेस बीचको फरक जनताले बल्ल बुझे । यसले कांग्रेसप्रति विश्वास बढेको छ ।' उम्मेदवारका कारणले पनि कांग्रेसको माहोल राम्रो देखिएको सभापति केसीको भनाई छ । कांग्रेसका नेता कार्यकर्ता अहिले जत्तिको उत्साहित र सक्रिय भएको आफूले कहिल्यै नपाएको उनले स्पष्ट पारे ।

कांग्रेसले कास्की २ मा नेता खेमराज पौडेललाई उम्मेदवार बनाएको छ । नेपाली कांग्रेस कास्कीले निर्वाचन प्रचार अभियान अन्तर्गत घरदैलो कार्यक्रम तीव्र बनाएको छ । पहिलो चरणको कार्यक्रम अन्तर्गत घरदैलो अभियान सोमबार सबै वडामा जारी छ ।


## १३ औं दक्षिण एशियाली खेलकुद अन्तर्गत खाना तथा आवासका लागि आवश्यक पर्ने होटलहरूको दरभाउ प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !

राष्ट्रको गौरव तथा प्रतिष्ठाको रुपमा यहि मिति २०७६/०८/१४ गतेदेखि २०७६/०८/२४ गतेसम्म काठमाण्डौं, पोखरा र जनकपुरमा आयोजना हुन गइरहेको १३ औं दक्षिण एसियाली खेलकुद -२०७६ अन्तर्गत पोखरामा आयोजना भई सम्पन्न हुने खेलमा सहभागी हुने खेलाडी व्यवस्थापक अफिसियल, रेफ्री, निर्णायक, जुरी तथा सम्पूर्ण अतिविशिष्ट, विशिष्ट पाहुनाहरु अतिथिहरुको खाना तथा आवास व्यवस्थाका लागि प्रचालित अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका होटलहरुको आवश्यकता रहेका हुँदा १३ औं दक्षिण एशियाली खेलकुद स्थानिय व्यवस्थापन तथा सहजीकरण समिति -२०७६ अन्तर्गत आवास व्यवस्थापन समितिलाई परिषद मार्फत प्राप्त भएको बजेटको अवस्थालाई दृष्टिगत गरी १३ औं दक्षिण एशियाली खेलकुद आयोजना तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ को दफा ३१ को पहिलो संसोधन उपदफा ३ बमोजिम राष्ट्रिय खेलकुद परिषदद्वारा खाना तथा आवासको निमित्त होटल कोठाहरु सहित खाना समेतको दर भाउ वार्ता वा घटाघट बाट लिनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक पाँच तारे, चार तारे, तिन तारे, दुई तारे, एक तारे वा तारे होटल वा सोसरह सुविधा दिन सक्ने होटल व्यवसायीहरुले यस समितिलाई उपलब्ध गराउन सकिने कोठा संख्या (डबल/सिङ्गल) रु उपलब्ध सेवा सहितको प्रतिव्यक्ति खाना तथा आवासको लागि लाग्ने प्रतिदिनको दरभाउ उल्लेख गरी सम्पर्क व्यक्ति तथा टेलिफोन नम्बरसहित आफ्नो दरभाउपत्रको लिखित प्रस्ताव देहाय बमोजिमको समितिमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु:
१) कम्पनी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२) आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
३) भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

**१३ औं दक्षिण एशियाली खेलकुद स्थानिय व्यवस्थापन तथा सहजीकरण समिति अन्तर्गत खाना तथा आवास व्यवस्थापन समिति, पोखरा रंगशाला**

संयोजक श्री सूर्यबहादुर भुजेल: ९८५६०२६८१५
सचिव श्री प्रकाश बराल: ९८५६०३०४९४


# हत्या आरोपित ५ थुनामा

पोखरा, २५ कात्तिक (समाधान)- स्याङ्जाको हरिनास गाउँपालिकामा असोज २२ गते भएको हत्यामा संलग्न रहेको आरोप लागेका ५ जनालाई जिल्ला अदालत स्याङ्जाले पुर्पपक्षका लागि थुनामा पठाएको छ । हरिनास गाँउपालिका ५,. आग्रीडाँडाका महेन्द्र आलेको हत्या आरोपमा पक्राउ परेका १३ जनामध्ये ५ जना आदेशपछि सोमबार पुर्पक्षका लागि जेल चलान भएको स्रेस्तेदार नन्दप्रसाद आचार्यले जानकारी दिए ।

न्यायाधीश रमानाथ पौडेलको इजलासले आरोपित १३ मध्ये २ जनालाई सुधार गृह पठाउने आदेश गरेको छ । १ जनालाई अभिभावकको जिम्मा लगाउने र ५ जना त्यस्तै २ जनालाई सुधार गृह पठाइएको छ । १ जनालाई अभिभावकको जिम्मा लगाइएको छ भने ५ जना साधारण तारेखमा छाड्ने आदेश भएको स्रेस्तेदार आचार्यले बताए । कम उमेर भए पनि प्रारम्भिक प्रमाणका आधारमा घटनामा संलग्न रहेको पाइएकाले २ जनालाई बालसुधार गृह पठाइएको हो ।

असोज २२ गते साँझ हरिनास ५ को बलिकोटमा सामान्य विवादमा युवाहरुबीच झगडा हुँदा आग्रीडाँडाका २९ वर्षीय आलेको मृत्यु भएको थियो । मोटरसाइकल र जीप आपसमा ठोक्किएपपछि विवाद झडपमा परिणत हुँदा आलेको ज्यान गएको थियो । आरोपितहरु हरिनास ६, का नरेश मानन्धर, मातृका मानन्धर, विमल मानन्धर, नवीन मानन्धर, वडा नम्बर ५ का नमनारायण मानन्धरलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश भएको स्रेस्तेदार आचार्यले बताए । जिल्ला अदालतले हरिनास ५, का रोशन मानन्धर, चुत्री मानन्धर, डिलनारायण मानन्धर, मीनबहादुर राना र र प्रकाश मानन्धरलाई साधारण तारेखमा छोड्ने आदेश दिएको हो ।

# स्कुल मुस्ताङमा, पढाइ पोखरामा

**एसके थकाली**
जोमसोम, २५ कात्तिक

उपल्लो मुस्ताङमा सञ्चालित शैक्षिक संस्था जाडो बढेसँगै घुम्ती कक्षा सञ्चालन गर्न बेंसी झरेका छन् । हिमाली उच्च भूगोलमा अवस्थित उपल्लो मुस्ताङका सामुदायिक तथा गुम्बा स्कुल बेंसी झर्न बाध्य भएका हुन् ।

लोमान्थाङ गाउँपालिकामा १० वटा सामुदायिक स्कुल र ४ वटा गुम्बा छन् । शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय मुस्ताङका अनुसार लोमन्थाङ गाउँपालिकाका सबै कात्तिक १३ गते बेंसी झरेका हुन् । लोमान्थाङबाट झरेका स्कुलले २ समूह बनाएर विद्यार्थी अस्थायी मर्ज गरी घुम्ती कक्षा व्यवस्थापन गरेका छन् ।

दिव्यदीप मावि छोसेर, बालकल्याण आवि न्यानोल र सम्जुङ आवि सम्जुङ गरी ३ वटा स्कुलले कात्तिक १४ गतेबाट संयुक्त घुम्ती कक्षा सुरु गर्न पोखरा झरेका छन् ।

दिव्यज्ञान आवि चुम्जुङ, सरस्वती न्याम्डो, भृकुटी किम्लिङ, वीरेन्द्र ठिङ्गर, जनप्रभात फुवा र बुद्ध आवि न्याङडोल गरी ६ वटा स्कुलले विद्यार्थी अस्थायी मर्ज गरी पोखराको हेमजामा घुम्ती कक्षा सञ्चालन गरेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख टंकराज बरालले जानकारी दिए । उनका अनुसार लोमन्थाङबाट झरेका २ घुम्ती समूहले हिउँदे कक्षा सञ्चालन गर्न पोखरामा भवनसमेत बनाएका छन् ।

लोमन्थाङ पालिकामा रहेका मञ्जुश्री गुम्बा, निफुक नाम्डोल गुम्बा, पाल नाम्ग्याल गुम्बा र महाकरुणा शाक्यापा गुम्बा गरी ४ वटा गुम्बा स्कुल पनि घुम्तीका लागि बेंसी झरेको बरालले बताए ।

उपल्लो मुस्ताङकै लोघेकर दामोदरकुण्ड गाउँपालिकाका ८ सामुदायिक स्कुलमध्ये ६ वटा स्कुल घुम्तीमा झरेका छन् । चराङ आवि चराङ, मराङ आवि मराङ, ढाक्मर आवि ढाक्मर, शालिग्राम आवि ताङ्ग्या, यारा आवि यारा र घारा आवि घारा गरी ६ वटा स्कुलका विद्यार्थी एकै ठाउँमा अस्थायी मर्ज गरी घुम्ती कक्षा सञ्चालन गर्न बेंसी झरेका हुन् । संयुक्त घुम्ती कक्षा सुरु गर्न कात्तिक १३ गते ६ वटा स्कुल बेंसी झरेका हुन् भने जनज्योति आवि घिलिङ र घमी आवि घमी भने मंसिर १२ गते बेंसी झर्ने घमी आवि घमीका प्रअ अमन धितालले बताए । घमी र घिलिङका २ स्कुलले जारी शैक्षिक सत्र सकेर बेंसी झर्ने बताएका छन् । लोमन्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाबाट झरेका सामुदायिक स्कुलले जिल्लाकै समय तालिका अनुसार जारी शैक्षिक सत्रको परीक्षा सञ्चालन गर्ने जनाइएको छ । घुम्तीमा रहेका सबै स्कुलले पुस १ गते नयाँ शैक्षिक सत्रको पढाइ सुरु गर्ने जनाएका छन् ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको जननर्मल आवि छुसाङ र मुक्तिनाथ आवि पनि घुम्तीमा झरेको समन्वय इकाइले जनाएको छ । मुस्ताङको घुम्ती कक्षा सञ्चालन गर्ने विद्यालयलाई स्थानीय तहले समेत आवश्यक रकम छुट्याउने गरेको छ । नेपाल सरकारबाट स्वीकृति प्राप्त गुम्बा स्कुललाई सरकारले अनुदानबापत बर्सेनि बजेट विनियोजन गर्ने गरेको छ । यी गुम्बा स्कुललाई पाठ्यपुस्तक खरिद तथा शिक्षक व्यवस्थापन गराउन सरकारले रकम उपलब्ध गराएको हो । जिल्लाका ८ गुम्बा स्कुलले सरकारी मान्यता प्राप्त गरेका छन् । यी स्कुलले सरकारले निर्धारण गरेको ५ वटा पाठ्यक्रम समावेश गर्नुपर्ने मापदण्ड तोकिएको छ ।

मुस्ताङमा ५४ वटा सामुदायिक स्कुल छन् । जसमा हिउँदयामको जाडो छल्न उपल्लो मुस्ताङका शैक्षिक संस्था बेंसी झरे पनि बाँकी विद्यालय पुसदेखि माघ मसान्तसम्म बन्द हुन्छ । थासाङ र घरपझोङ र वारागुङ गाउँपालिकाका विद्यालयलाई हिउँदे बिदा दिने गरिएको कार्यालयले जनाएको छ ।

# कांग्रेसको प्रचार कार्यालय छोरेपाटनमा

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

नेपाली कांग्रेस कास्की क्षेत्र नं. २ को चुनावी प्रचार-प्रसार कार्यक्रम अन्तर्गत पोखरा १७ मा सम्पर्क कार्यालय स्थापना गरिएको छ । संविधानसभा सदस्य राजु थापाले चुनावी प्रचार प्रसार कार्यालयको उद्घाटन गर्दै कांग्रेसको तर्फबाट उम्मेद्वार बनेको खेमराज पौडेलले बिपीकै पालामा पञ्चायत ढाल्ने योगदान दिएको बताए ।

थापाले तत्कालीन समयमा आन्दोलनमा होमिएर योगदान पुऱ्याएका अग्रजको गुन तिर्ने जिम्मेवारी युवाको काँधमा आएको बताए । नेपाली कांग्रेसले चुनाव जित्दैमा सरकार परिवर्तन नहुने तर कडा प्रतिपक्षिको रुपमा उभिनका लागि सहयोग मिल्ने थापाले बताए । वर्तमान सरकारले संसदको गरिमा झुक्ने काम गरिरहेको बेलामा पौडेल जस्ता निष्ठावान नेतालाई संसदमा उभ्याउँदा संसदको गरिमा बढ्ने उनको भनाई थियो । वर्तमान सरकार काण्डै काण्डमा मुछिएको हुँदा यस पटक कास्की क्षेत्र नं २ को निर्वाचनमा जनताले कांग्रेसलाई मतदान गर्न आवश्यक रहेको स्पस्ट पारे ।

वडा नं १७ को जिम्मेवारी सम्हालेका नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले कांग्रेस गणतन्त्र, प्रजातन्त्र र सम्पूर्ण राजनीतिक पार्टीको अविभावक भएका कारण पनि यसले आफ्नो लागि मात्र सोचेर नपुग्ने भन्दै माओवादीलाई जंगलबाट सिंहदरबार सम्मको यात्रामा ल्याउन कांग्रेसले खेलेको उल्लेखनीय भूमिका ज्वलन्त उदाहरण रहेको बताए ।

पोखरा १७ का सभापति देवराज आचार्यले निर्वाचन क्षेत्रका जनताले कम्युनिस्टलाई जिताएर गलत परिणाम भोगिसकेकाले कांग्रेसलाई जिताउने माहोल बढिरहेको बताए । नेपाली कांग्रेस पर्वतका सांसद लालकाजी गुरुङले पोखरा १७ मा विभिन्न जिल्लाबाट आएर बसोबास गर्नेको संख्या उल्लेख्य भएकाले पनि पर्वत, स्याङ्जा र अन्य जिल्लाका जनतालाई नेपाली कांग्रेसलाई विजयी गराउन आव्हान गरे ।

कार्यक्रममा नेपाली कांग्रेस जिल्ला सहसचिव रंगिला आचार्य, पोखरा १७ का उपसभापति दिपेन्द्र बराल, सहसचिव विनम गुरुङ लगायतले बोलेका थिए । कार्यक्रममा उम्मेद्वार खेमराज पौडेललाई जिताउन सभापति देवराज आचार्यको संयोजकत्वमा ५ सय ५१ सदस्यीय निर्वाचन उपसमिति गठन गरिएको छ ।






## हार्दिक बधाई



देउप्रसाद गुरूङ
अध्यक्ष

क्षेत्रबहादुर राना
सञ्चालक



देवीप्रसाद कुइकेल
सञ्चालक



अमृत शर्मा तिमिल्सिना
सञ्चालक



केम नारायण भट्टराई
सञ्चालक



पवित्रमणि अधिकारी
सञ्चालक



सूर्य गुरूङ
सञ्चालक



महेन्द्र खड्का
सञ्चालक



मिस्टर राज वन्त
सञ्चालक



शिवप्रसाद पराजुली
सञ्चालक



रेशम बस्नेत
सञ्चालक

**पोखरा यातायात प्रा.लि.** को २०७६ कात्तिक ०७ गते सम्पन्न **प्रथम अधिवेशन**बाट **श्री देउप्रसाद गुरुङज्यू** को अध्यक्षतामा सर्वसम्मत चयन हुनुभएका सम्पूर्ण सञ्चालक समितिका पदाधिकारीज्यूहरूमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको कामना गर्दछौं ।

**कृष्णप्रसाद ढुंगाना**
अध्यक्ष एवं
**बेगनास ताल पोखरा यातायात प्रा.लि. परिवार**
पोखरा-३०, कास्की

## सम्पादकीय

# द्वन्द्वपीडितलाई न्याय

सशस्त्र द्वन्द्वका बेला भएका घटनाका दोषीमाथि कारबाही नहुँदा देशमा दण्डहीनता कायम छ। कसैलाई निरपराध मारियो, कसैलाई घाइते बनाइयो । राज्य र गैरराज्य पक्षबाट त्यस्ता घटना भएका छन् । युद्धमा मारिनु र घाइते हुनु अलग कुरा हो, तर रिसइबी र अन्य कारणबाट आक्रमण गरी मार्नु र घाइते बनाउनुचाहिँ सरासर महाअपराध हो । त्यस्तै अपराधका दोषीलाई कारबाही गर्नुपर्ने माग द्वन्द्व पीडितले गर्दै आएका छन् । संविधान निर्माण र आमनिर्वाचन लगायतलाई मात्रै मुख्य मुद्दा बनाएर दलहरुले शान्ति प्रक्रियाको एउटा प्रमुख मुद्दा द्वन्द्वपीडितलाई न्यायमाथि बेवास्ता गर्दै आएका छन् । तत्कालीन विद्रोही माओवादीसमेत सामेल भएर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नै अहिले सरकारमा रहँदासमेत द्वन्द्वपीडितले न्याय पाउन सकेका छैनन् । यो मुद्दालाई किनारा लगाउने बढी जिम्मेवारी वहन नेकपाले गर्नुपर्नेमा त्यसो हुन सकेको छैन । द्वन्द्वपीडितको बढी चित्त दुखाइ पनि यसैमा छ ।

**मुलुकमा छिटफुट रुपमै भए पनि देखिएको संविधान विरोधी गतिविधि बढ्दै गएर अर्को द्वन्द्व नचर्कियोस्, फेरि आपराधिक घटना नहोउन् भन्नका खातिर पनि द्वन्द्वकालीन घटनाका मामलामा संवेदनशील र गम्भीर हुन जरुरी छ।**

अड्डा अदालतमा मुद्दा मामिला नगरी द्वन्द्वकालका घटनामा विशेष र छुट्टै न्याय व्यवस्था गर्ने संक्रमणकालीन न्यायको चलन विश्वव्यापी छ । त्यसै आधारमा सत्य निरुपण तथा मेलमिलाप आयोग पनि बनाइएको छ । तर आयोग गठन भएर पदाधिकारीको समयावधि सकिँदासमेत सिन्को भाँचिएन । द्वन्द्वकालकै विषयका २ सय जति मुद्दा अदालतमा विचाराधीन छन् । सरकारले आयोगमा नेतृत्व चुन्न सकेको छैन । पदाधिकारी भएका बेलासमेत न्याय दिने सवालमा आयोग प्रभावकारी हुन सकेन । यसमा सरकारकै बेवास्ताको कारण बढी जिम्मेवार र दोषी छ ।

संसारभर भएका द्वन्द्वपछि त्यस्को कुशल अवतरणमा न्यायको सबैभन्दा ठूलो भूमिका देखिन्छ । द्वन्द्वका पीडितले न्याय पाएकै ठाउँमा मात्रै फेरि अर्को द्वन्द्व भड्किएको छैन । दक्षिण अफ्रिकामा द्वन्द्वपीडितले पीडकलाई माफीसमेत दिएका थिए । तर उनीहरुले घटना नबिर्सने गरी माफी दान गरे । जुनसुकै अपराधमा पनि पीडितको सन्तुष्टि सजायले मात्रै निर्धारण गर्दैन भन्ने त्यो उदाहरण हो । तर नेपालमा भने कुनै पनि खालको प्रयास भएको छैन । पीडितलाई सन्तुष्टि दिनेबाहेकका उपायको खोजीमात्रै भइरहेको जस्तो देखिन्छ । द्वन्द्व सकिएको डेढ दसकसम्म पनि न्यायमा बेवास्ता गर्नु पीडितमाथिको घोर अपमान हो । ढिला न्याय दिनु पनि न्याय नदिनु सरह नै हो । गम्भीर मानवअधिकार उल्लंघनका घटनामा कडाभन्दा कडा कारबाही हुने गरी संक्रमणकालीन न्यायलाई टुंगो लगाइयो भने आउँदा दिनका लागि पनि सही नजिर बस्नेछ । मुलुकमा छिटफुट रुपमै भए पनि देखिएको संविधान विरोधी गतिविधि बढ्दै गएर अर्को द्वन्द्व नचर्कियोस्, फेरि आपराधिक घटना नहोउन् भन्नका खातिर पनि द्वन्द्वकालीन घटनाका मामलामा संवेदनशील र गम्भीर हुन जरुरी छ ।

# विद्या रवीन्द्रकी श्रीमतीमात्र होइनन्



राजेन्द्र पौडेल

**भट्टराईले संसदमा होस् वा अन्य ठाउँ, यही सत्यलाई केन्द्रमा राखेर सत्य तथ्य बाहिर ल्याउन बहस गर्नुपर्ने छ, गर्ने छिन्**

यो लेख कास्की क्षेत्र नं २ को आसन्न उपनिर्वाचनको सन्दर्भले प्रेरित छ । उपनिर्वाचनमा नेकपा पार्टीले विद्या भट्टराईलाई उमेदवार घोषणा गर्दै उम्मेद्वारी मनोनयन पनि भइसकेको छ । उहाँको उम्मेद्वारी घोषणा सँगै कास्की र देशव्यापी रुपमा केही प्रश्न र तर्क उठेका छन् । यो लेख मार्फत तिनै प्रश्न र तर्कमाथि केही बहस गर्नु मेरो प्रयत्न रहने छ ।

गएको फाल्गुन १५ गते ताप्लेजुङमा भएको हेलिकप्टर दुर्घटनामा तत्कालीन संस्कृति, पर्यटन तथा उड्यान मन्त्री रवीन्द्र अधिकारीको अप्रत्यासित निधनले कास्कीको यो निर्वाचन क्षेत्रलाई पुनः निर्वाचनको मुखमा ल्याएको हो । मन्त्री अधिकारी कास्कीको २ नं क्षेत्रबाट संघीय संसदमा निर्वाचित हुनुहुन्थ्यो ।

त्यसै कारण रिक्त हुन पुगेको सांसद सिटका लागि मंसिर १४ गते उपनिर्वाचन हुँदैछ र त्यसका लागि नेकपाले स्व.रवीन्द्र पत्नीलाई नै चुनावी मैदानका लागि बलियो र उपयुक्त पात्र ठानेको छ । त्यसैले रवीन्द्रकी पत्नी भएका कारण उमेद्वार बनाएको हैन ? सहानुभूतिको मत लिन पत्नीलाई नै उमेद्वार बनाएको हैन ? के फेरी पनि नेकपाले पूर्व एमालेले जस्तो गरी सेतो साडीको राजनीति गर्न खोजेको ? लगायतका प्रश्न सर्वत्र गरिँदै छ ।

हो, भट्टराई रवीन्द्र अधिकारीकी धर्मपत्नी हुनुहुन्छ । तर, धर्मपत्नी हुनुकै १ मात्र कारणले उहाँ चुनावी दौडमा आउनु भएको चाहिँ पक्कै होइन । जग जाहेर कुरा छ, उहाँ विद्यार्थी राजनीति, प्राध्यापक हुँदै पुनः राजनीतिमा फर्किनु भएको हो । अहिले राजनीतिको मैदानमा छिर्नुको कारण भने योजनातित भने पक्कै होइन । तर, नेकपाले कास्कीमा उम्मेद्वार बनाउँदै गर्दा हिजो विद्यार्थी राजनीतिमा अब्बल र सुयोग्य राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो भन्ने ठहर गरेर मात्र यो निर्णय गरेको हो । अहिले राजनीतिको आडमा हुर्किरहेको अपराधिकरण, नेता तथा पार्टीका कार्यकर्तामा भइरहेको नैतिक इमान्दारिताको ह्रासबाट समेत पार्टी र देशलाई बचाउन ठुलो चुनौती भैरहेको अवस्थामा पार्टी राजनीति र सासंद पदको गरिमा र गौरव उहाँले धान्न सक्नु हुन्छ भन्ने ठानेर मात्र उम्मेद्वार बनाएको हो । न कि रवीन्द्र पत्नी मात्र । कास्कीवासी र समग्र देशले यसै दृष्टिकोणबाट उहाँको उम्मेद्वारीलाई बुझ्नुपर्छ । अझ भनौं कास्की २ नं क्षेत्रका मतदाताले ।

भट्टराईको उम्मेद्वारी अन्यभन्दा प्रभावकारी र उपयोगी छ भन्ने नेकपाले किन सोच्यो होला भन्ने विषयमा केही थप कुराको चर्चा गर्न चाहन्छु । राजनीतिक व्यक्ति कस्तो संस्कार र संस्कृतिबाट हुर्कियो ? कस्तो आदर्शबाट प्रेरित थियो ? कस्ता समकक्षीको साथमा थियो ? उसले सिकेको, पढेको, देखेको र संगत गरेको वातावरणले उस्को राजनीति चेत निर्धारण भएको हुन्छ । उसको व्यक्तित्व निर्माण त्यसै अनुसारको भएको हुन्छ । नेकपाको नेतृत्वले भट्टराई रवीन्द्र अधिकारी जस्तो सुयोग्य राजनीतिक नेताको संगतले शिक्षित र दिक्षित हुनुहुन्छ भन्ने कुरा बुझेको थियो । रवीन्द्र मन्त्री पदमा रहदा उहाँकी धर्मपत्नी भट्टराईले कुनै लाभको पद धारण गर्नु भएन ।

साथै कुनै व्यक्तिगत फाइदा हुने खालका कार्यमा संलग्न हुनुभएन । शुद्ध प्राज्ञिक पेसामा आफूलाई केन्द्रित गर्नु भयो । यतिसम्मकि उहाँका कतिपय सहकर्मीलाई उहाँ मन्त्री पत्नी हुनुहुन्छ भन्नेसम्म पनि थाहा दिनु भएन । हेर्दा सामान्य यस्ता कुरा राजनीतिभित्र ठूलो अर्थ र महत्व राख्छ । नेकपाको नेतृत्वले यी आधारमा विद्या भट्टराईसँग कुन राजनैतिक चेत र संस्कार छ भन्ने कुरा बुझेको हुनु पर्छ ।

यसर्थ, आफ्नै स्व. पति रवीन्द्रको बाटोमात्र विद्या भट्टराईले हिँडिदिए वा हिँड्न खोजे कास्कीका मतदाताका लागि लाख हुनेछ । आर्थिक विकास र समृद्धिको विषयमा बहस गर्न रुचाउँने रवीन्द्र अधिकारीका केही किताब र सयौं लेख प्रकाशित छन् । उनी कसरी विसं २०४४ सालको अनेरास्ववियु पृथ्वीनारायण क्याम्पसको कमिटी अध्यक्ष हुँदै २०५३ सालमा अनेरास्ववियुको केन्द्रिय अध्यक्ष भए ? शिक्षामा भएको निजीकरण र व्यापारीकारणको लामो संघर्ष, कालापानी मार्च पासको नेतृत्व, लक्ष्मणपुर बाँधको विरोध, पारस शाहको ज्याजतीको विरोध, यातायात लगायत सार्वजनिक क्षेत्रमा ३ सय ३५ विद्यार्थी सहायता आन्दोलनको अगुवाइ गर्दै कसरी परिपक्व नेता भएका थिए ? २०६४ र २०७० को संविधानसभा र २०७४ को प्रतिनिधिसभा गरि ३ निर्वाचन जितेर कसरी एकीकृत नेकपाको केन्द्रीय सदस्य हुँदै संघीय मन्त्री भए ? हिजोको विद्यार्थी कसरी यति चाँडो पार्टीकै उच्च नेता बन्न पुग्यो र सिंगो पार्टी र देशले नै आशा र भरोसा गर्ने नेताको रुपमा युवा उमेरमै उठ् यो त्यो गौरवपूर्ण र प्रेरणा लायक छ हामी कास्कीका जनताका लागि ।

रवीन्द्रको अप्रत्यासित निधनमा सिंगो देश त्यसै शोकमा डुबेको होइन । रवीन्द्रका समकक्षी नेपाली कांग्रेसका नेताद्वय गगन थापा र विश्वप्रकाश शर्माले त असल मित्र नभइ दाजुभाइको जस्तो सम्बन्ध रहेको बताएका थिए । भोलिको नेकपाको सम्भावित प्रमुख नेताका लागि आवश्यक मैदान निर्माण गरिसकेका थिए उनले । हो, यो पृष्ठभूमिमा विद्याले आफ्नो अगाडिको राजनीतिक जीवनमा रवीन्द्रका बाँकी अधुरा काम र सम्भावनालाई न्याय र गति दिने छिन् । यसका लागि उनलाई सधैं नैतिक दबाब रहने छ । त्यसले कास्की र देशलाई नै फाइदा गर्छ ।

अहिलको अवस्थामा देशभरी महिलामाथिको ज्याजती झनै बढेको प्रतीत हुन्छ । संघीय सभामुखले बलात्कार गर्दा किन महिला नेत्री नबोलेको ? बलात्कारपछि हत्या गरिएकी बालिका निर्मलाको विषयमा किन महिला नेत्री तैं चुप मैं चुप ? के कारण छ यसको पछाडि ? के आज, यसरी महिलालाई विभिन्न बाहानामा दोस्रो दर्जा मै राख्ने प्रपञ्चसँग सिधा-सिधा बहस गर्न सक्ने महिला नेत्री सांसदमा चाहिएको छैन र ? अहिले पनि छाउपडीका कारण छोरी-चेलीले ज्यान गुमाएका छन् । के तिनीहरुको विषय संसदमा प्रवेश गर्नु पर्दैन र ? अझै पनि हाम्रो समाजमा छोराकै चाहनामा कैयौं आमाले छोरीको भ्रुणलाई गर्भैदेखि तुहाइएका छन् । के त्यो विषय हाम्रो संसद भित्र छलफलको विषय हुनु पर्दैन र ?

विद्या भट्टराई हिजोको विद्यार्थी राजनितीमा अनेरास्ववियुको केन्द्रीय सचीव भइसकेकी व्यक्ति हुन् । आजको नेकपा भित्रका धेरै महिला नेत्री जस्तै उनी पनि क्षमतावान् छिन् । अझ यो बीचको प्राध्यापन जस्तो उच्चकोटीको कर्म र त्यसको अनुभवको आधारमा उनी धेरै अब्बल छिन् र पार्टीका उच्च नेतालाई गलत कामका लागि प्रश्न गर्न सक्ने नैतिक साहस पनि राख्ने छिन् ।

यो पंक्तिकार आफैं कास्कीको मतदाता पनि हो र कम्युनिस्ट विचारधाराप्रति आस्था पनि राख्छ । तर ऊ आफैं आजको कम्युनिस्ट सरकारको कामप्रति पूर्ण रुपमा सहमति राख्न सक्दैन । या भनौं सरकारका कामप्रति खुसी हुने अवस्था छैन । किन कोही आज सरकार चलाइरहेका नेतालाई बाटो देखाउन अग्रसरता राख्दैनन् ? के स्वार्थका लागि शीर्ष नेताले गरेका गल्तीलाई आँखा चिम्लिदिन मिल्छ ? आज संसदमा नेकपाका तर्फबाट आफ्नै सरकारलाई सच्चिन भन्न सक्ने सांसदको खाँचो छैन र ? यसरी निडर भएर सत्यलाई सत्य र असत्यलाई असत्य भन्न सक्ने संघीय सांसदको खाडललाई साँचो अर्थमा विद्याले पुर्ने छिन् ।

एउट प्रश्न चौतर्फी छ, नेपाल एयरलाइन्सको 'वाइडबडी' विमान खरिद प्रकरणमा भनिएको भ्रष्टाचारमा रवीन्द्रको हात के थियो ? भन्ने । रवीन्द्र अधिकारी रहुन्जेल उहाँलाई यो विषयमा दोषी देखाइयो । उहाँको मृत्यपश्चात् प्रधानमन्त्रीले उहाँ निर्दोष हुनुहुन्छ भन्ने धारणा राख्नु भयो । यथार्थमा अहिलेको प्रतिपक्षी दल सरकारमा हुँदा ग्रान्ड डिजाइन गरी सम्झौता गरेको जहाज नेपाल नउतारेको भए पनि रवीन्द्र अधिकारीले किन यो गरेन वा कमिसन प्राप्त नभएकाले जहाज ल्याएन भन्ने आरोप त खेप्नैपर्ने थियो । अतः रवीन्द्रले आफ्नो राजनीति भविष्यलाई समेत दाउमा राखेर नै राष्ट्रको समृद्धिको खातिर यो जहाज ल्याउनु भएको हो ।

रवीन्द्र अधिकारी अन्य ठाउँबाट आएर कास्की नं २ मा चुनाव लडेका होइनन् । स्कुले जीवनदेखि नै कास्की नं २ कै माटोमा हुर्किएर आम मतदाताको मन र मस्तिष्कभित्र पसेका व्यक्ति हुन् । निष्ठा र इमान्दारिताको राजनीति गर्दै राजनीतिलाई देशको विकास र समृद्धिसँग जोड्न सकिन्छ भन्ने दृष्टिकोण राख्ने आफ्ना नेता रवीन्द्र कस्ता थिए भन्ने कास्कीका जनता र मतदातालाई थाहा नहुने कुरै भएन । रवीन्द्र अधिकारी स्वयमले पटक-पटक आफू कुनै पनि हालतमा यस्तो घिणित कार्यमा संलग्न नभएको र कुनै सानो मात्र संलग्नता देखिए राजनीतिबाट सन्यास लिनुको साथै कुनै पनि सजाय भोग्न तयार रहेको कुरा बताउँदै आएका थिए । दुर्भाग्यवश, ऊनी यो संसारमै रहेनन् ।

विगतका जस्तोसुकै परिस्थितिमा पनि ३/३ पटक मतदान गरी जिताएर पठाएका मतदाताले रवीन्द्र अधिकारी जस्तो निष्ठाको राजनीति गर्ने व्यक्ति यो दुष्चक्रमा कसरी फस्न पुगे भनि चासो राख्नु स्वभाविक हो । यो चासोले अन्य नेताको तुलनामा विद्या भट्टराईलाई नै बढी छुने छ । यो विषयलाई अनुसन्धानको घेराभित्र राखेर रवीन्द्र अधिकारीभन्दा अगाडिका ४ वटा पर्यटन मन्त्री र उहाँहरुको पालामा नेतृत्व लिएका प्रधानमन्त्रीलाई समेत कठघरामा उभ्याई निष्पक्ष छानविनका लागि पनि विद्या भट्टराईले महत्वपूर्ण भूमिका खेल्न सक्नु पर्छ ।

यस्तामो विद्याले वाइडबडीमा साँच्चिकै के भएको थियो भन्नेमा खोज अनुसन्धान गर्नैपर्ने छ र उनले सांसद भएर नै यस विषयको गहिरो अध्ययन गर्न सक्ने छिन् । हाम्रो संविधानमा मन्त्रीमण्डल प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहने भन्ने छ । कुनै काम प्रधानमन्त्रीको अनुमती बेगर हुनै सक्दैन । भट्टराईले संसदमा होस् वा अन्य ठाउँ, यही सत्यलाई केन्द्रमा राखेर सत्य तथ्य बाहिर ल्याउन बहस गर्नुपर्ने छ, गर्ने छिन् । तब मात्र कास्की क्षेत्र नं २ का मतदातामाथि न्याय हुनेछ । यही कारण भट्टराइलाई कास्कीका जनताले सर्वसम्मत उम्वेदवार स्वीकारेका हुन् ।





**विद्याले आफ्नो अगाडिको राजनीतिक जीवनमा रवीन्द्रका बाँकी अधुरा काम र सम्भावनालाई न्याय र गति दिने छिन्। यसका लागि उनलाई सधैं नैतिक दबाब रहने छ। त्यसले कास्की र देशलाई नै फाइदा गर्छ।**

धर्म, संस्कृति र संस्कारको कुरालाई लिएर पनि प्रश्न उठाइएको छ । रवीन्द्रको निधनपछि १३ दिनको किरिया कर्म ७ दिन मात्र गरिएको थियो । संसारका सबै धर्ममध्ये हिन्दू धर्ममात्र यस्तो हो जुन वैज्ञानिक तथ्यका आधारमा सञ्चालित छ । समय अनुसार समाजले धर्म, संस्कृति र संस्कारलाई परिष्कृत गर्दै लानुपर्छ भन्नेमा प्रँय बसै सहमत छन् र उनीहरुको अहिलेको अभियान नै यसैमा छ ।

हिन्दू धर्ममात्र यस्तो प्रगतिशील धर्म हो, जसले हामीलाई समय अनुसार चल्ने विकल्प दिएको छ । यसरी विकल्प उपलब्ध हुनुको मुख्य आशय के हो त ? हामीले घोत्लिनुपर्ने विषय यो हो । अहिलेको युगमा धेरै समय काम नगरी बसे हातमुख जोर्न कठिन हुन्छ । 'संसार एक घर' भन्ने दृष्टिकोण स्थापित भएको छ । हाम्रा अधिकांश छोराछोरी विदेश छन् । अब, एउटै कुराका लागि २/३ हाप्ता एकै ठाउँ झोक्राएर बसिराख्ने कुरा व्यवहारिक छैन । यो प्रविधिको युगले हाम्रो समय, दूरी र काम छोट्याएको छ । सोही अनुसार यो पुस्ता त्यसै अनुसारको बाटो हिड्नेछ, जुन जायज छ । यस अर्थमा रवीन्द्र अधिकारीको परिवारले जे गर्‍यो त्यो अनुशरण योग्य छ ।

अन्त्यमा, लेखलाई टुङ्ग्याउनु अगाडि कास्कीको उपनिर्वाचनमा कास्कीवासीले विवेक पुर्‍याउने छन् । सक्षम र सुयोग्य नेतृत्वको छनोट गर्ने छन् ।

नीतिकथा

## संकल्पको परिणाम

यो घटना सन् १८९२-९३ तिरको हो। लाहोर कलेजमा स्नातक तहमा १ गरिब विद्यार्थी पढ्थे । गरिब भए पनि उनी पढाइमा भने निकै तेज थिए । १ पटक अर्का १ छात्रले ती गरिब विद्यार्थीलाई हेप्ने उद्देश्यले होच्याउँदै भने, 'ब्राह्मण भएर तिमी संस्कृतको साटो फारसी पढ्दै छौ । यो कति लाजमर्दो कुरा हो, भन त ।'

साथीको यस भनाइले ती विद्यार्थीलाई चसक्क बिझायो। उनले संकल्प गरे, १ न १ दिन म अवश्यै संस्कृत भाषा र साहित्यको राम्रो ज्ञान हासिल गरेरै छाड्नेछु। तत्काल उनले केही भनेनन् ।

उनले मुखले बोलेर प्रतिवाद गर्नुभन्दा पनि कामले नै त्यो पुष्टि गरेर देखाउने अठोट गरे। उनी छिटोभन्दा छिटो संस्कृतको मूलभूत जानकारी प्राप्त गर्न चाहन्थे ।

त्यसैले उनले संस्कृतका १ जना अध्यापकसँग गएर आफ्नो चाहना व्यक्त गरे ।

उनी सोही वर्षको संस्कृत भाषाको स्नातक तहको परीक्षामा सम्मिलित हुन चाहन्थे । उनको चाहना बुझेपछि पहिले ती अध्यापक मुसुक्क मुस्कुराए र भने, 'रहर गर्नु त ठीकै हो, तर संस्कृत पढ्दै नपढेको विद्यार्थीले एकैपटक स्नातक तहको संस्कृतको परीक्षा कसरी दिन सक्छौ ?'

अध्यापकको रुखो जवाफपछि पनि उनी निराश भएनन्। उनी आफ्ना बाबु, साथी र कक्षाका जान्ने विद्यार्थीको सम्पर्कमा रहेर संस्कृत अध्ययनमा जुटे। त्यसको ३ महिनापछि उनी पुनः तिनै अध्यापककोमा पुगे। त्यहाँ पुगेपछि उनले संस्कृतको परीक्षा दिने अवसर मिलाइदिन अनुरोध गरे ।

उनको क्षमता जाँच्ने अभिप्रायले अध्यापकले प्रश्न सोध्दा उनले भटाभट सबै प्रश्नको जवाफ सजिलै दिए। दृढ निश्चयी यी विद्यार्थी भारतीय सभ्यता र संस्कृतिका अमूल्य रत्न स्वामी रामातीर्थ थिए, जसले स्नातकको सो परीक्षामा विश्वविद्यालयभरिमै पहिलो स्थान प्राप्त गरे ।

**समाधान राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**

**article.samadhan@gmail.com**

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायन, शरदृतुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१, सम्वत २०७६ साल कार्तिक २७ गते बुधबार नेपाल सम्बत ११४० कछलागा तदनुसार सन् २०१९ नोभेम्बर १३ तारिक कृष्णपक्ष प्रतिपदा तिथि राती ७ बजेर ४४ मिनेट सम्म, कृतिका नक्षत्र राती १० बजेर ५९ मिनेटसम्म, वरियनयोग, बालवकरण, आनन्दादियोग सिद्धि, सूर्य तुला राशीमा, चन्द्रमा वृष राशीमा ।

जिज्ञासाको लागि : ९८५६०२६३९७
gurupatrakar@gmail.com

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आशाका अङ्कुर पलाउनेछन् । शारीरिक एवं मानसिक स्फूर्ति बढ्नेछ । उत्तम भोजन र आसन प्राप्तिको योग देखिन्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
लगानी बढि उपलब्धि कम हात लाग्नेछ । व्यापार व्यवसायबाट अल्प लाभ हुनेछ । यात्राको सम्भावना देखिन्छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
भय त्रासको अन्त्य हुनेछ । इच्छा शक्ति बढ्नेछ । वोलिको प्राभाव बढ्नेछ । व्यापार व्यवसायबाट सोचे भन्दा राम्रो आम्दनी हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
काम गर्न सक्ने वातावरण बन्नेछ । रिस,डाहा गर्ने आफै गल्ने छन् । अधुरा कामले गति लिनेछ । गरेका काम उदाहरणीय हुनेछन् ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,ट्र,टे)
आत्म विश्वासका साथ काम गर्नु होला अवस्य सफल हुनुहुनेछ । असामान्य अवस्थाबाट सामान्य तिर फर्किनु हुनेछ । फलदायी यात्राको सम्भावना देखिन्छ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
आर्थिक संरचनालाई नचलाउनु होला । व्यापारमा नोक्सान हुनेछ । समयले कम साथ दिने हुदा काम गर्दा सजग रहनु होला ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
समय आउछ पर्खिदैन सदुपयोग गरेर अगाडि बढ्नु होला । सामान्य प्रयासबाट नयाँ काम हात पार्न सकिनेछ । आफन्तबाट सहयोग पाईनेछ ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
कार्य सम्पादन गर्दा निकै मेहनत गर्नु पर्नेछ तर अन्तिम परिणामले दुःख भुलाउनेछ । विरोधी सँगको लडाईमा विजय प्राप्त हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
पूर्ण तयारीका साथ कर्म क्षेत्रमा जानु होला अवस्य सफल हुनुहुनेछ । तर समयमा निणर्य लिन सक्नु भएन भने त्यो ठाँउमा अरुले नै लिनेछन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
धन सम्पति नोक्सान हुनसक्छ । शारीरिक एवं मानसिक दूर्वलता बढ्नसक्छ । आलोचना बढ्नेछ । घरयासी समस्या बढ्नेछन् ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
उत्साहाका साथ काम गर्नु होला गरेका अधिकाँश काम सफल हुनेछन् । व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
दिन मध्यम् खालको छ । ऋण लगानी नगर्नु होला । प्रयत्नपूर्वक गरेका काममा सफलता मिल्नेछ । व्यापार व्यवसायबाट सामान्य आम्दानी बढ्नेछ ।

## समाधान सञ्जाल



**दीपेन्द्र 'अश्रुमाली'**
facebook.com/raidipendra.1
अब बाँकी रहेको जमिनको रक्षा गर्नु र नेपालमै उत्पादन हुने वस्तुबाट आत्मनिर्भर भएर धनी हुदै विकसित हुनतर्फ नेपाल लाग्न नसक्ने हो भने, भारतले पुरै नेपाल मेरो हो भनेर नक्सा परिवर्तन गरे पनि भारतलाई नेपालले केही गर्न सक्दैन । त्यसैले मुखले हैन कामले गरेर देखाउनुपर्छ । यहाँ राष्ट्रियताको नाममा कराउनेले भारतमा बनेको अत्यावश्यक सामान बाहेक अरु केही प्रयोग नगरौं । नेपालमा उत्पादन भएको वस्तुलाई प्राथमिकता दिऊँ । यसमै भलो हुन्छ हाम्रो । अनि त्यसलाई असल राष्ट्रभक्त भनिन्छ ।
नेपालको सबै जनतालाई अमेरिकाले नेपालको नागरिकता एयरपोर्टमा च्यातेर आऊ भिसा दिन्छु भन्यो भने नेपालमा बाँकी रहने जम्मा म जस्तो २५ हजार जति मान्छे होला । अरु त सब अमेरिका दगुर्छन् नेपालको नागरिकता च्यातेर ।



**सेन्देश परियार**
facebook.com/sandesh.pariyar2
एउटा कुराले अचम्मित छु । किन सबै कालापानीलाई विवादित क्षेत्र भन्छन् । यो त भारतद्वारा अतिक्रमित नेपालको क्षेत्र हो । किन यसलाई विवादित क्षेत्र बनाइँदै छ ।



**एकल थापा मगर**
facebook.com/thapa.akal
नेता र कर्मचारीले गरेको भ्रष्टाचार रकम जम्मा गरेर सीमा क्षेत्रमा काँडेतार लगाऊ सरकार, नत्र भारतको नक्सामा काठमाडौं पर्नेछ !



**डोलु आले मगर**
facebook.com/dolualemagar
विदेशी विस्तारवादीले लिपुलेक, लिम्पियाधुरा, कालापानी मिचियो भनेर स्वदेशी अतिक्रमणकारीलाई टुँडिखेल मिच्न दिने त ? फेरि टुँडिखेल बचाऊ अभियान्ताले लिपुलेक, लिम्पियाधुरा, कालापानी मिचियो भनेर विरोध नै नगरेर बसेका त छैनन् नि ! देशको लागि दुवै खाले अतिक्रमणकारी घातक छ है !



**देविजंग गुरुङ**
facebook.com/tamudev
भारत र नेपालबीच सीमा विवाद नै होइन, नेपालको भू-भाग भारतले अतिक्रमण गरेको हो । सीमा देख्ने र कलम लेख्नेले सही लेख्दिनुपर्‍यो ।



**राधिका खतिवडा**
facebook.com/sis.radhikak
कसलाई मन्त्री, कसैको नियुक्ति र कसलाई प्रदेश प्रमुख बनाउने वा कसलाई हटाउने भनेर सरकारको आकस्मिक बैठक भए जस्तै सीमा मिचिएको विषयमा छिटै बैठक आयोजना भएको सुन्न आतुर छु सरकार !



**अरुण बराल**
facebook.com/arun.baral.10
राष्ट्रिय बहस गरौं ।
कालापानी-लिपुलेकबारे भारतसँग कुटनीतिक पहल गर्ने नेपालीबीच आम राष्ट्रिय सहमति भएको छ, यो खुसीको कुरा हो । तर, यो राष्ट्रिय सहमतिसँगै २ वटा अहम प्रश्न जन्मेका छन् ।
१. कूटनीतिक पहल अन्तरगत कहिलेसम्म, के-के काम गर्ने ?
२. कूटनीतिक पहल गर्दा पनि भारतले कालापानी, सुस्ताको अतिक्रमण रोकेन, टसको मस भएन भने त्यसपछि के गर्ने ?



**प्रह्लाद चौलागाई**
facebook.com/pralhad.chaulagain.927
प्रवृत्ति देख्दा उदेक लाग्छ । जे जे भए पनि जे जे गरेपनि, ठीक हो, राम्रो हो भने आफू पनि राम्रो होइनी रे । तर आफू ठीकलाई ठीक नभए बेठिक भन्ने परियो । कुनै तेस्तो सम्मान चाहिएको छैन । स्वाभिमान गिराएर कसैका काल कर्तुत नदेखेझैं गरेर फोस्रो सम्मान फोस्रो आफ्नोपन ।

# नङ पालिस लगाउँदा निम्तिने समस्या

## नङ टोक्दा नङमा भएको फोहर मुख हुँदै आन्द्रामा जाने भएकाले यसको पहिलो असर आन्द्रामा पर्छ

नङ पालिस लगाउँनु अहिलेको मात्र होइन, निकै समय पहिले देखिको फेसन हो । महिलालाई सौन्दर्यका लागि अनेक प्रशाधन चाहिन्छ । नङ पालिस पनि त्यस्तै मध्येको सौन्दर्य प्रशाधन हो । नङमा रंग लगाउने मात्र नभएर अहिले नङमा विभिन्न आकृति बनाउँने चलन बढ्दो छ । बढ्दो आधुनिकता र उत्पादनसँगै नङ मात्रैको सौन्दर्यका लागि बजारमा अनगिन्ती ब्रान्ड पाइन्छन् तर सबैमा समानता भने अवश्य हुन्छ ।

धेरैलाई विश्वास नलाग्ला तर नङ पालिसको प्रयोगले स्वास्थ्यमा असर पारिरहेको हुन्छ । नङ पालिसमा प्रयोग हुने केमिकल ट्रिफेनाइल फोस्फेटले शरीरलाई निकै असर पुर्‍याउँछ । यसलाई टिपिएचडी पनि भनिन्छ । यसले हाम्रो इन्डोक्राइनमा गढबढी गरिदिने भएकाले हाम्रो हर्मोनमा यसले समस्या पुर्‍याउँछ । जसले अन्ततः तौल मात्र बढ्दैन, अन्य समस्या उत्पन्न हुन्छन् ।

नङ टोक्दा नङ नजिकैको छाला बारम्बार उक्किरहन्छ । जसले गर्दा रक्तस्राब हुनुका साथै अत्यन्त दुखाई पनि हुन्छ । नङ टोक्दा नङमा भएको फोहर मुख हुँदै आन्द्रामा जाने भएकाले यसको पहिलो असर आन्द्रामा पर्छ । नङमा भएको फोहोरको माध्यमबाट पेटमा जुका पर्न सक्ने सम्भावना रहन्छ । धेरै नङ टोक्ने मानिसको मुखमा ब्याक्टेरिया जम्मा हुने भएकाले सास गन्हाउने समस्या देखिन्छ । बिहान बेलुकै दाँत ब्रस गरे पनि नङ टोक्ने बानी भएका मानिसको सास गन्हाउने कारण भनेकै ब्याक्टेरियाले गर्दा हो ।



यदि औंलामा मुसा छ भने, त्यो मुखभित्र या ओंठमा सजिलै फैलिन सक्छ । मुखमा फोका आउन सक्छन् । मुसाको माध्यमबाट हुयमन प्यापिलोमा भाइरस सर्न सक्ने पनि चिकित्सकले बताएका छन् । यो भाइरस पाठेघरको मुखको क्यान्सरको कारक हो । यदि नङ पोलिस लगाउने महिलाको नङ टोक्ने बानी छ भने, पोलिसमा भएका केमिकल शरीरभित्र प्रवेश गर्ने खतरा रहन्छ । अनावश्यक केमिकलले समस्या आउन सक्छन् ।

बारम्बार नङ टोक्ने मानिसको नङको स्वरुप फेरिन सक्छ । नङ बांगिने हुन सक्छ । नङ टोक्ने मानिसको नङ बांगिने समस्या टोक्न छोडेपछि हट्ने भए पनि केहीको नङ सधैंका लागि खराब हुन सक्छ ।

नङ टोक्ने मानिसलाई पारोनाइसिया नामक छालाको संक्रमण हुन्छ । यो संक्रमणले नङ वरपरको छालालाई असर गर्छ । नङ रातो हुने र नङ वरपरको मासु सुन्निने खतरा हुन्छ । सन् २००७ को एक अध्ययन अनुसार नङ टोक्ने मानिसको मुखमा नटोक्ने मानिसको मुखमा भन्दा धेरै ब्याक्टेरिया हुन्छ । यस्तै हैजा-पखालाजस्ता संक्रमण फैल्याउने इकोलाई भाइसर नङबाट सर्न सक्ने सम्भावना हुन्छ ।

नङले हात र खुट्टाको सुन्दरता बढाउनुका साथै सुरक्षा पनि दिने गर्छ । हात र खुट्टा जतिसुकै सुन्दर भए पनि नङ राम्रो छैन भने यसले व्यक्तित्वमा नकारात्मक असर पार्ने गर्छ । सौन्दर्यको हिसाबले खुट्टाभन्दा पनि हात अझै महत्वपूर्ण हुन्छ किनभने शरीरका सम्पूर्ण अंगमध्ये सबैभन्दा बढी प्रयोग हुने हात नै हो ।

प्राकृतिक रुपले स्वस्थ र सुन्दर नङ भए पनि अन्य विभिन्न कारणले गर्दा नङ बिग्रन सक्छ वा नङका विभिन्न समस्या देखा पर्न सक्छन् । साबुन, डिटर्जेन्ट, केमिकल आदिबाट नङमा रिएक्सन हुनसक्छ । कडा पानीको प्रयोग गरी काम गर्दा नङ कमजोर हुन्छ । भाँडा सफा गर्दा, लुगा धुँदा, सरसफाई गर्दा गरिने लापरवाहीले नङमा समस्या हुन सक्छ । त्यस्तै नङ टोक्ने, नङको प्रयोग गरी काम गर्ने बानी, कमसल र पुरानो कस्मेटिक सामानको प्रयोग आदि कारणले नङ कमजोर तथा अस्वस्थ हुन सक्छ ।

***नारी कोसिस डटकम***

# महिनावारी गडबडी हुनुका कारण

सामान्य अवस्थाको महिनावारी २१ देखि ३५ दिनको बीचमा हुनेगर्छ । नियमित महिनावारी अरु बेलाभन्दा अगाडि पछाडि हुने, अत्यधिक रक्तस्राब हुने भएमा महिनावारी गडबडी भन्न सकिन्छ । महिनावारी सुरु हुँदा कुनै किशोरीलाई १-२ महिनासम्म नहुन सक्छ तर बिस्तारै युवा अवस्थामा प्रवेश गरिसकेपछि नियमित हुँदै जान्छ ।

विभिन्न कारणले महिनावारी गडबडी हुने गर्छ । महिनावारीको गडबडी मुख्यतः हार्मोनल कारणसँग जोडिएको हुन्छ । ओभरीमा 'पोलिस्टिक' हर्मोन बढेर वा थाइराइड हर्मोन बढ्नाले पनि महिनावारीमा अनियमितता देखिन सक्छ । अथवा, अन्डाशय वा पाठेघरमा संक्रमण भएमा पनि गडबडी हुन्छ । आजभोलि धेरै जस्तो युवतीमा पोलिसिस्टक हर्मोन



बढेका कारण महिनावारी गडबडीको समस्या हुने गरेको छ । पोलिसिस्टिकमा महिलाको अन्डाशयका अन्डा पाक्ने र फुट्ने हुन्छ । पोलिसिस्टिक भएका महिलाका थुप्रै अन्डा हुन्छन् र सबै अन्डाबाट अलिअलि हर्मोन निस्किएर हर्मोन असन्तुलित हुनेगर्छ । हर्मोन असन्तुलित भएपछि महिनावारीमा गडबडी आउँछ ।

पोलिसिस्टिक प्रकृतिक समस्या हो । तर, अहिले जुन रुपमा देखा परेको छ यो सबै ज्ञड, वातावरणीय समस्या, मानसिक तनाव, मानसिक रोगको औषधि सेवन आदि कारणले गर्दा हो । महिनावारी गडबडी हुँदा डन्डीफोर आउने, मोटाउने, बच्चा नबस्ने, ढिला बस्ने, शरीरका विभिन्न भागमा रौं आउने समस्या देखा पर्छन् ।

यो समस्या कसैकसैलाई वंशाणुगत कारणले पनि हुन सक्छ । कसैलाई पाठेघरको रोग (फाइब्रोइड/पोलिप), पाठेघरमा पानीको फोक्का र कसैलाई रगत नजम्ने समस्याले पनि गडबडी हुन सक्छ ।

**गर्भ निरोधक चक्की खाँदा चिकित्सकसँग सल्लाह गरेर मात्र खानुपर्छ । साथै महिनावारी भनेको नियमित प्रक्रिया हो, त्यसलाई रोक्न औषधी खानु हुँदैन**

तनाव, भागदौड, मानसिक तनाव, खानपान, धूमपान, मध्यपान आदिले 'हर्मोनल इम्ब्यालेसन्स' हुन्छ र महिनावारीमा गडबड हुन जान्छ । चाडबाडका बेला वा अरु कुनै बेला पनि महिनावारीलाई पर सार्नुपर्‍यो भन्दै जथभावी खाइने औषधीले महिनावारी गडबडीको समस्या निम्त्याउँछ । गर्भनिरोधक चक्कीले गर्दा पनि यस्तो समस्या आउन सक्छ । ३ महिने सुइले पनि महिनावारी गडबड हुन सक्छ ।

सामान्यतः महिनावारी सुरु भएको केही वर्ष र सुक्न लागेको केही वर्ष महिनावारीको गडबडी हुन सक्छ ।

कहिलेकाहीँ महिनावारी भएको १४/१५ दिनमा अलिअलि रगत देखा पर्न सक्छ, यो अवस्था सामान्य पनि हुन सक्छ । त्यसलाई 'ओभ्युलेसन ब्लिडिङ' भनिन्छ ।

**कसरी बच्ने ?**

महिनावारीको समस्या छ भने पोषिलो खानेकुरा खानुपर्छ । प्रदुषित वातावरणबाट जोगिनुपर्छ । कहिलेकाहीं वंशाणुगत समस्या देखिने भएपनि यो समस्याबाट छुट्कारा पाउनका लागि नियमित चेकजाच गराउनुपर्छ ।

हामी सानो कुरालाई केही हुँदैन भन्दै वेवास्ता गरिरहेका हुन्छौं, चाहे त्यो स्वास्थ्यको विषयमा नै किन नहोस् । त्यसलै पनि आफ्नो शरीरमा कुनै रोग देखियो भने हेलचेक्याइँ नगरी तुरुन्त उपचार गर्नुपर्छ ।

व्यायाम जीवनको अभिन्न अंग जस्तै हो । यसले धेरै फाइदा पुर्‍याउँछ । अनावश्यक शरीरलाई मोटो हुन दिनु हुँदैन । यसले पनि महिलामा महिनावारी गडबढीको समस्या निम्त्याउँछ ।

गर्व निरोधक चक्की खाँदा चिकित्सकसँग सल्लाह गरेर मात्र खानुपर्छ । साथै महिनावारी भनेको नियमित प्रक्रिया हो, त्यसलाई रोक्न औषधी खानु हुँदैन । स्वास्थ्यखबर डटकम

# पुरुषभन्दा महिला बढी रुन्छन् ?



**त्यसो त मान्छेमा जन्मिँदै रुने गुण हुन्छ । जन्मिनेबित्तिकै बच्चा निकै जोडले रुन्छ तर, आँसु झर्दैन ।**

पुरुषको आँखामा त्यति आँसु देखिँदैन । आँसु प्रायः महिलाकै आँखामा देखिन्छ । मतलब, पुरुषभन्दा महिला बढी आँशु खसाउँछन् । पुरुषभन्दा महिला बढी रुनुको कारण चाहिँ के होला ? चासो सबैलाई लाग्नु स्वभाविक हो । तर, विज्ञानले कारण खुलाइदिएको छ ।

टियर डक्ट (आँसु आउने नली) को आकार पुरुष र महिलाको फरक-फरक हुन्छ । पुरुषको तुलनामा महिलाको टियर डक्ट ठूलो हुन्छ । यसकारण महिलाको आँखामा आँशुका प्रभाव बढी हुन्छ । आँशु दबाउन हाम्रो शरीरमा हुने टेस्टेस्टोरन हर्मोनको भूमिका हुन्छ । टेस्टेस्टोरनलाई पुरुष हर्मोन पनि भनिन्छ । यद्यपि, यो हर्मोन महिलामा पनि केही मात्रामा हुन्छ । पुरुषमा धेरै हुने भएकाले आँसु नियन्त्रणमा बढी भूमिका हुन्छ ।

त्यसो त आँसु केही हर्मोनले आँसु उत्पादनमा पनि भूमिका खेलिरहेका हुन्छन् । प्रोल्याक्टिन हर्मोनले आँसु उत्पादनमा भूमिका खेलेको हुन्छ जुन महिलामा हुन्छ । उमेर बढ्दै जाँदा टेस्टेस्टोरन र प्रोल्याक्टिन हर्मोनको विकास हुँदै जान्छ । यसैकारण किशारी बढी रुन्चे हुन्छन् भने किशोरमा हाँसोको मात्रा बढी हुन्छ ।

त्यसो त मान्छेमा जन्मिँदै रुने गुण हुन्छ । जन्मिनेबित्तिकै बच्चा निकै जोडले रुन्छ तर, आँसु झर्दैन । बालबालिका भने दिनमा १ देखि ३ घन्टासम्म रुनुलाई स्वभाविक मानिन्छ ।

उमेरले ५० वर्ष नाघेपछि मान्छेको रुवाइमा परिवर्तन आउँछ । रुनुलाई नकारात्मक ढंगले हेरिने गरिएपनि आँसुले भने स्वास्थ्यमा फाइदै गर्छ । रुने मान्छेको मन हल्का हुन्छ भने डिप्रेसनबाट मुक्ति मिल्छ । आँसुबाट निस्किने चिल्लो पदार्थले आँखाका रहेको फोहोर बगाएर सुरक्षा पनि दिन्छ । समाजको आवाज डटकम

# चुराको फाइदा

व्रत वा अन्य कुनै पर्व नै किन नहोस् महिलाको हातमा चुरा भएन भने त्यसले श्रृंगारलाई पूर्ण बनाउँदैन । यति धेरै प्रयोग हुने चुराको महत्व के श्रृंगारका लागि मात्र हो त ? अवश्य होइन । यसले हात सजाउनेमात्र नभई स्वास्थ्यमा पनि अप्रत्यक्ष रुपमा फाइदा पुर्‍याइरहेको हुन्छ ।

चुरा लगाउनाले महिलामा मानसिक सन्तुलन कायम रहन्छ । काँचको चुराबाट आउने आवाजले वातावरणमा भएको नकारात्मक उर्जालाई नष्ट गर्दै त्यसको आसपास सकारात्मक उर्जा प्रवाह गर्ने वैज्ञानिकको दावी छ ।

चुराले हत्केलाको छालासँग घर्षण गर्दा हातमा रक्तसञ्चारमा मद्दत पुर्‍याउँछ । थकानः चुराबाट प्राप्त हुने घर्षणले शरीरमा उर्जा पैदा हुने भएकोले छिट्टै थकान महसुस हुन पाउँदैन । हर्मोनको सन्तुलनः महिलाको शरीर पुरुषको तुलनामा बढी संवेदनशील




हुन्छ । उनीहरुको शरीरमा हर्मोनको स्तर पनि एकदमै छिटो परिवर्तन भइरन्छ । चुराले छिटो-छिटो परिवर्तन भइरहने हर्मोन स्तरलाई पनि सन्तुलित राख्छ । आयुर्वेदका अनुसार, सुन र चाँदीको भष्म अर्थात पकाएको सुन चाँदीले शरीरलाई बल प्रदान गर्छ । त्यसकारण सुन वा चाँदीका चुरा लगाउने महिला वृद्ध उमेरसम्म पनि स्वस्थ रहन्छन् । नेपाली हेडलाइन्स् डटकम


साईमन पार्टी प्यालेस
सृजनाचोक, पोखरा, फोन नं.: ०६१-५३९१०६
अत्यन्तै राम्रो व्यवस्थापनमा
वर्षौदेखि गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको
साईमन पार्टी प्यालेस
यहाँ
विवाह, वर्तवन्ध,
सभा, सम्मेलन, भोजभतेर, पास्नी,
गोष्ठी, सेमिनार, बर्थडे पार्टी आदि विभिन्न
पार्टीहरु साथै खान, बस्नको राम्रो
सुविधा रहेको छ ।
हलको क्षमता:
१,००० जना- १ वटा ५०० जना-१ वटा, २०० जना- १ वटा १०० जना- १ वटा
५० जना - १ वटा र अन्य मिटिङ हलहरू
साथमा सुविधा सम्पन्न होटल र रेष्टुरेण्ट पनि
अग्रीम बुकिङको लागि:
फोन नं.: ०६१-५३९१०६, ९८५६०२११६८, ९८५६०३४९१९, ९८५६०२१३७७
पार्किङको राम्रो सुविधा



फिल्मी संसार
QFX cinemas
POKHARA CINEPLEX
पोखराको पहिलो सुविधा सम्पन्न सिनेमा हल
NOW SHOWING







AMAZING DEAL
EVERY TUESDAY
Only at Rs. 150 Per Ticket
**Housefull 4 (PG)-** 12:15PM, 18:30PM, **Ghamad Shere (PG)-** 12:00PM, 15:15PM, **Bala (PG)-** 15:30PM, 18:45PM
061-522630/647 www.cineplex.qfxcinemas.com http://pokharacineplex.com Facebook Pokharacineplex



सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293



528009
खानेपानी चाहिएमा

## सातै प्रदेशमा फोरजी

काठमाडौं, २५ कात्तिक (समाधान) - नेपाल टेलिकमले सातै प्रदेशका विभिन्न सहरमा अत्यधिक गतिमा इन्टरनेट चल्ने फोरजी सेवा सञ्चालन गरेको छ । टेलिकमले पूर्वको विर्तामोडदेखि पश्चिमको महेन्द्रनगरसम्म सातै प्रदेशका विभिन्न प्रमुख सहरमा सहुलियतमा फोरजी सिमकार्ड वितरण, परिवर्तन र स्तरोन्नति गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गरेको प्रवक्ता प्रतिभा वैद्यले जानकारी दिइन् । कार्यक्रम अन्तर्गत गत कात्तिक २० विर्तामोड र २२ गते वीरगञ्जमा सिमकार्ड वितरणका साथै फोरजी सेवाको प्रचारप्रसार तथा व्यापार प्रवर्द्धन कार्य उत्साहजनक रूपमा सम्पन्न भएको छ । आइतबार चितवनको भरतपुरस्थित नारायणी नदी किनारमा सिमकार्ड वितरण गरिएको छ ।

यही कात्तिक २६ नेपालगञ्जको रामलीला मैदान, २८ गते सुर्खेतको आँखा अस्पताल क्षेत्र, ३० गते महेन्द्रनगरको खुला मञ्च र मंसिर ४ गते पोखराको अमरसिंह मैदानमा सिमकार्ड वितरण गरिनेछ । यसमा टुजी वा थ्रिजी सिम भएका कम्पनीका ग्राकहलाई २ सय एमबी डाटा बोनससहित फोरजी सिम प्राप्त हुनेछ । यो विशेष अभियान अन्तर्गत ग्राहकले नेपाल सरकारले जारी गरेका परिचयपत्र, नागरिकता वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको फोटोकपी र १ प्रति फोटो पेश गरी सिमकार्ड प्राप्त गर्न सक्नेछन् । गृष्मा ब्रोडकास्टिङले सातै प्रदेशका विभिन्न स्थानमा प्रतिष्ठित कलाकारका साथमा गरिरहेको सांगीतिक कार्यक्रम सप्तरङ २ मार्फत पनि टेलिकमको फोरजी सेवाको प्रचारप्रसार तथा व्यापार प्रवर्द्धन गरिएको प्रवक्ता वैद्यले बताइन् । कम्पनीले नवीनतम प्रविधिसहितको फोरजी सेवाको गत असोज १५ गते देशभर सातै प्रदेशमा एकैसाथ सेवा प्रवाहको शुभारम्भ गरेपश्चात् ग्राहकमाझ फोरजी सेवाको लोकप्रियता बढ्दै गएको छ ।

# ३० महिनामा ७ उजुरी

**मोहसिन अलि मियाँ**
गोरखा, २५ कात्तिक

चुमनुब्री गाउँपालिकाको न्यायिक समितिमा हालसम्म ७ वटामात्रै उजुरी परेका छन् । २०७४ वैशाखमा स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि आएपश्चात् गठन भएको समितिको ३० महिना बितेको छ । यस अवधिमा सबै उजुरी मिलापत्र गराइएको गाउँपालिकाले जनाएको छ ।

'हामीकहाँ उजुरी नै पर्दैन, परिहाले २/३ महिनामा १/२ वटा पर्ने हो,' गाउँपालिकाका उपाध्यक्ष कुमारी गुरुङले भनिन् 'हामी आएकै ३० महिनामा जम्मा ६/७ वटा मात्रै उजुरी परेका छन् । सबै उजुरी समितिले नै मिलाएर पठाएको छ ।'

सडक सञ्जालले नजोडिएको चुमनुब्री गाउँपालिकामा लिखित उजुरी दिने प्रचलन नै कम छ । अधिकांश गुरुङ, घले, लामा लगायतका जातिको बसोबास रहेको यस पालिकामा हुने गरेका विवाद प्राय गाउँमै मिल्ने गरेका छन् । 'अधिकांश झगडा गाउँमै लामा बसेर मिलाउँछन्' समितिका संयोजक एवं गाउँपालिको उपाध्यक्ष गुरुङले भनिन्, 'हामीकहाँ छिटपुट आइपुग्ने हो, आएपछि एउटा छलफलबाटै केस मिल्ने अवस्था छ ।'

विशेषगरी छोडपत्र, घरायसी झगडा, घरजग्गा विवाद, सिमाना लगायतका विवादका मात्रै उजुरी आएको उनी बताउँछिन् । भौगोलिक विकटता रहेको यस गाउँपालिकाको केन्द्र सिर्दिबासमा छ । चुमनुब्री गाउँपालिकामा हुने गरेका विवाद न्यायिक समितिमा मात्रै होइन, प्रहरी चौकीमा पनि पुग्दैनन् 'न्यायिक समितिमा मात्रै होइन, उजुरी प्रहरी चौकीमा पनि खासै पर्दैनन्' उपाध्यक्ष गुरुङले भनिन् 'माथिल्लो वडाका झगडा गाउँ मै मिल्छन्, कतिपय वडा कार्यालयसम्म आइपुग्छन्, त्यहाँभन्दा माथि जाँदैन ।'



चुमनुब्री गाउँपालिका उपाध्यक्ष कुमारी गुरुङ । तस्बिर : समाधान

गाउँपालिकाले वडाका प्रतिनिधिलाई मेलमिलाप तालिम दिएपछि त झनै उजुरी शून्य भएको छ । प्रत्येक वडाबाट वडाध्यक्ष, महिला समूह, अगुवा, गुम्बाका लामा लगायतलाई गाउँपालिकाले तालिम दिएको थियो । 'विवाद मिलाउन सहज होस् भनेर सबै गाउँका अगुवालाई मेलमिलाप तालिम दियौं,' उनले भनिन्, 'अब फेरि १ हप्ताको तालिम राख्दै छौं, त्यसपछि विवाद समाधान गर्न गाउँका लामालाई थप सहज हुने हाम्रो अनुमान छ ।'

माथिल्लो क्षेत्रका प्रहरी चौकीमा उजुरी नै पर्दैनन् । २०२४ सालमा स्थापना भएको सीमा प्रहरी चौकी छेकम्पारमा हालसम्म १ पनि लिखित उजुरी परेको तथ्यांक छैन । प्रहरी चौकी रहेका अन्य स्थान जगत, सिर्दिबास लगायत गाउँ क्षेत्रका चौकीमा समेत उजुरी आउँदैनन् ।

# बूढीगण्डकीले बाँड्यो मुआब्जा

**राष्ट्रिय समाचार समिति**
गोरखा, २५ कात्तिक

बूढीगण्डकी जलविद्युत् आयोजनाले डुबान क्षेत्रमा पर्ने बासिन्दालाई २७ अर्ब ८० करोड मुआब्जा वितरण गरिसकेको छ । राष्ट्रिय गौरवको सो आयोजनाले डुबान क्षेत्र (गोरखा र धादिङ जिल्ला)का साबिकका २७ गाविसमध्ये अधिकांशमा मुआब्जा वितरणको काम अन्तिम चरणमा पुगेको आयोजनाका पुनर्वास तथा पुनर्स्थापना एकाइ कार्यालय प्रमुख कृष्ण कार्कीले जानकारी दिए । डुबान क्षेत्रमा पर्ने कूल जग्गामध्ये २ जिल्लाका करिब ४४ हजार रोपनी जमीनको मुआब्जा वितरण भइसकेको छ ।

'सर्भेक्षण अनुसार आयोजनाले गोरखातर्फ कुल ३० हजार ७८ रोपनी र धादिङतर्फ २८ हजार ७५ रोपनी जग्गाको मुआब्जा वितरण गर्नुपर्ने हुन्छ', उनले भने, 'मुआब्जा वितरणको काम सुरु भएदेखि अहिलेसम्म अधिग्रहण गरिएका दुवै जिल्लामा गरी करीब ४४ हजार रोपनी जग्गाको मुआब्जा वितरण गरिएको छ ।' मुआब्जा निर्धारण हुन बाँकी रहेकाबाहेक अन्य क्षेत्रको मुआब्जा वितरणको काम लगभग अन्तिम चरणमा पुगिसकेको आयोजना प्रमुख कार्कीले जानकारी दिए । 'कतिपय जग्गाधनीको जग्गा रोक्का भएका कारण उहाँहरूको खातामा रकम जम्मा गर्न ढिलाइ हुँदै आएको छ', उनले भने, 'कतिपय जग्गाधनीको लालपुर्जा नभएको तर फिल्डबुकमा जग्गा भएकाले कसरी समस्या समाधान गर्ने भन्नेमा छलफल भइरहेको छ ।'

अधिग्रहण गरिएकामध्ये गोरखातर्फ आरुघाट र आरखेत बजार क्षेत्र तथा धादिङतर्फ आरुघाट र खहरे बजार क्षेत्रको मुआब्जा निर्धारण गर्न अझै बाँकी छ । आयोजनाले आर्थिक वर्ष २०७३/७४ देखि डुबान क्षेत्रमा पर्ने जमिन अधिग्रहण गरी मुआब्जा निर्धारणको काम सुरु गरेको थियो । आयोजनाबाट २ जिल्लाका गरी २० हजार १ सय ४६ पूर्ण विस्थापित हुनेछन् भने २५ हजारलाई असर पुग्न सक्ने आयोजना प्रमुख कार्कीले बताए ।

डुबान प्रभावित क्षेत्रमध्ये मुआब्जा निर्धारण भएका सबै क्षेत्रका घरगोठ, फलफूल र बोटबिरुवाको तथ्यांक सङ्कलनको काम गरिसकिएको र त्यसको मुआब्जा वितरणका लागि ऊर्जा मन्त्रालयमा प्रस्ताव गरिएको उनको भनाइ थियो । 'घरगोठ, बोटबिरुवा, फलफूल लगायतको मुआब्जा वितरण गर्दा ह्रास कट्टी गर्ने या नगर्ने भन्नेमा अन्योल छ', आयोजना प्रमुख कार्कीले भने, 'हामीले ऊर्जा मन्त्रालयलाई ह्रास कट्टा नगर्ने गरी प्रस्ताव पठाएका छौं । मन्त्रालयले निर्णय गरेलगत्तै त्यसको पनि मुआब्जा वितरणको काम अघि बढ्छ ।'

# नेपाली बिजुली किन्न बंगलादेश इच्छुक


काठमाडौं, २५ कात्तिक (रासस) - नेपाल र बंगलादेशले दीर्घकालीन लक्ष्यसहित ऊर्जा तथा जलविद्युत् को क्षेत्रमा सहकार्य गर्ने भएका छन् । बंगलादेशले सन् २०४० सम्म नेपालबाट करीब ९ हजार मेगावाट विद्युत् खरीदको लक्ष्यसहित सरकारी तथा निजीस्तरमा समेत संयुक्त लगानीको प्रस्ताव गरेको छ ।

ऊर्जाका विभिन्न स्रोतको खोजी गर्ने क्रममा बंगलादेशले नेपालसँग सहकार्यको हात अगाडि बढाएको छ । भारतसँग त्रिपक्षीय सहमति गररै भए पनि नेपालको विद्युत् बंगलादेशसम्म पुऱ्याउने उसको सोच छ । पछिल्ला दिनमा गार्मेन्ट उद्योगमा विश्व समुदायलाई आफ्नो पहिचान दिन सफल बंगलादेशले नेपालको विद्युत्बाट थप आर्थिक उपार्जन गर्ने लक्ष्य राखेको छ ।

२ देशबीच ऊर्जा क्षेत्रमा साझा सहकार्य गर्ने द्विपक्षीय संयन्त्र क्रियाशील छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ऊर्जा क्षेत्रका लगानीका लागि द्विपक्षीय संयन्त्रमार्फत आफ्ना गतिविधि अगाडि बढाइरहेको छ । मन्त्री वर्षमान पुनले २०७५ भदौमा बंगलादेशको भ्रमण गरेपछि २ देशबीच ऊर्जा सहकार्यमा मार्गप्रशस्त भएको हो । गत असोज २६ र २७ गते भारतको बैंगलोरमा सम्पन्न नेपाल र भारतका ऊर्जा सचिवस्तरीय बैठकले नेपाल, बङ्गलादेश र भारतबीच ऊर्जा आदानप्रदानका लागि त्रिदेशीय संयुक्त बैठक आयोजना गर्ने सहमति भएको थियो । सो सहमतिले नेपालको विद्युत् भारतको भूमि वा संयन्त्र प्रयोग गरेर बंगलादेश पुऱ्याउन मार्गप्रशस्त गरेको छ ।


## हार्दिक समवेदना

जन्म मितिः
वि.सं. १९९७ भाद्र ११



स्वर्गारोहण मितिः
वि.सं. २०७६ कात्तिक १४

**स्व. पञ्च कुमारी गुरुङ**

यस मेट्रो ड्राइभिङ स्कुल एण्ड प्रि-टेस्ट सेन्टरका अध्यक्ष श्री कुलराज गुरुङ र रामबहादुर गुरुङकी ममतामयी माता **पञ्च कुमारी गुरुङ**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**खगेन्द्र काफ्ले**
सञ्चालक एवं
**मेट्रो ड्राइभिङ स्कुल एण्ड प्रि-टेस्ट सेन्टर प्रा.लि. परिवार**
पोखरा-१४, चाउथे



## हार्दिक समवेदना

जन्म मितिः
वि.सं. १९९३/०४/१७



स्वर्गारोहण मितिः
वि.सं. २०७६/०७/१४

**स्व. दुर्गादत्त देवकोटा**

श्री मोहरपानी आदर्श टोल विकास संस्था, पोखरा १३ आर्वाका निवर्तमान कोषाध्यक्ष एवं आदर्श अर्गानिक कृषक समूहका अध्यक्ष तथा समाजसेवी बद्रिप्रसाद देवकोटाका पुजनीय पिता तथा जागरण आमा समूहकी उपाध्यक्ष गीता देवकोटाका ससुरा बुबा **दुर्गादत्त देवकोटा**को ८३ वर्षको उमेरमा भएको निधनले हामी मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्रीराम सिग्देल
अध्यक्ष तथा
**श्री मोहरपानी आदर्श टोल विकास संस्था परिवार, पोखरा-१३, आर्वा**

राधा कुमारी बराल (विद्या)
अध्यक्ष तथा
**जागरण आमा समूह परिवार**
**पोखरा-१३, आर्वा**

शिवराज बराल
सचिव तथा
**आदर्श अर्गानिक कृषक समुह परिवार, पोखरा-१३, आर्वा**



नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**केन्द्रिय आयोजना कार्यान्वयन इकाई**
**जिल्ला आयोजना कार्यान्वयन इकाई,**
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
**कास्की**

## अत्यन्त जरूरी सूचना

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निजी आवास पुनर्निर्माण लाभग्राहीमा सुचिकृत भई सम्झौता गरी पहिलो किस्ता बापतको रकम लिनुभएका लाभग्राहीहरुले तोकिए बमोजिमको निर्माण कार्य सम्पन्न गरी मिति २०७६ कार्तिक मसान्त सम्म दोस्रो किस्ता र २०७६ माघ मसान्त सम्म तेस्रो किस्ता वापतको अनुदान रकम लिईसक्नुहुन यो सार्वजनिक सुचना जारी गरिएको छ । साथै पहिलो किस्ताको रकम लिइसकेका र कार्तिक मसान्त सम्ममा दोस्रो किस्ता नलिने लाभग्राहीहरुले पहिलो किस्ता वापतको रकम रु. ५०,०००। (राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक शाखामा रहेको राजश्व शिर्षक नं. १५११२ (यस कार्यालयको कोड नं. ३०१७१३९०१ उल्लेख गरि) मा जम्मा गरि यस कार्यालयमा राजश्व दाखिला भौचर बुझाउनुहुन र यस सम्बन्धमा कुनै जानकारी लिनु पर्ने भएमा यस कार्यालयमा बुझ्न वा फोन नं. ०६१(४६७७८२ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । यस कार्यमा सहयोग गरिदिनुहुन सबै स्थानीय तहहरुलाई समेत अनुरोध गरिन्छ । अन्यथा प्रचलित ऐन, नियम र कार्यबिधि बमोजिम भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

पुनश्चः तपशिलका लाभग्राहीहरुको हकमा तेस्रो किस्ता लिने समायावधि २०७७ असार मसान्त सम्म रहेको सूचित गरिन्छ । गुनासोबाट थप भएका, जोखिम क्षेत्रका, भूमिहीन, सार्वजनिक क्षेत्रमा जग्गामा घर बनाउन अनुमति प्राप्त गरेका, पुनरावेदन समितिबाट कायम भएका, प्राधिकरणको निर्णय अनुसार प्रबलिकरणबाट पुनर्निर्माण र पुनर्निर्माणबाट प्रबलिकरण लाभग्राहीमा परिवर्तन भएका र प्रबलिकरण लाभग्राहीहरु ।

"भुकम्प प्रतिरोधी सुरक्षित घर पुनर्निर्माण गरी आफू र आफ्नो परिवारको साथै समाजको समुत्थानशीलता अभिवृद्दि गरौं ।"
"राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको समयसीमा भित्र निजी आवास पुनर्निर्माण सम्पन्न गरी सुरक्षित घरमा बसौं ।"



## १३ औं दक्षिण एशियाली खेलकुद अन्तर्गत यातायात व्यवस्थापनको लागि आवश्यक पर्ने सवारी साधनहरूको दरभाउ प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !

राष्ट्रको गौरव तथा प्रतिष्ठाको रुपमा यहि मिति २०७६/०७/१५ गतेदेखि २०७६/०८/२४ गते सम्म काठमाडौं, पोखरा र जनकपुरमा आयोजना हुन गइरहेको १३ औं दक्षिण एसियाली खेलकुद -२०७६ अन्तर्गत पोखरामा आयोजना भई सम्पन्न हुने खेलमा सहभागी हुने खेलाडी व्यवस्थापक अफिसियल, रेफ्री, निर्णायक, जुरी सम्पूर्ण अतिविशिष्ट, विशिष्ट पाहुनाहरु स्थानिय व्यवस्थापन तथा सहजीकरण समिति विषयगत समितिहरुको लागि प्रचालित नियमानुसार तपशिल वमोजिमका सवारी साधनहरु भाडामा लिनु पर्ने भएकाले १३ औं दक्षिण एशियाली खेलकुद स्थानिय व्यवस्थापन तथा सहजीकरण समिति -२०७६ अन्तर्गत यातायात व्यवस्थापन समितिलाई परिषदबाट प्राप्त भएको बजेटलाई दृष्टिगत गरी १३ औं दक्षिण एशियाली खेलकुद आयोजना तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ को दफा ३१ को पहिलो संसोधन उपदफा ३ वमोजिम राष्ट्रिय खेलकुद परिषदद्धारा सवारी साधन इन्धन सवारी चालक सहित दर भाउ वार्ता वा घटाघटबाट भाडमा लिनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक यातायात प्रा.लि. यातायात व्यवसायीहरुले यस समितिलाई उपलब्ध गराउनु सकिने प्रति दिनको दरभाउ उल्लेख गरि सम्पर्क व्यक्ती तथा टेलिफोन सहित आफ्नो दरभाउको लिखित प्रस्ताव यो सूचना प्रकाशित भएको ५ दिन भित्रमा देहाय वमोजिमको समितिमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको नाम :
१) कार - इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)
२) स्कर्पियो - इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)
३) हायस - इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)
४) कोस्टर भ्यान - इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)
५) जिप ल्यान्डकुर्जर - इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)
६) ठूलो बस - मिनि बस (डिलक्स र सुपर डिलक्स) इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)
७) मोटरसाइकल - इन्धन सवारी चालक सहित (सवारी चालक इन्धन बाहेक)

अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु (कम्पनीको हकमा)
१) कम्पनी फर्म दर्ता प्रमणपत्रको प्रतिलिपि
२) आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपको प्रतिलिपि
३) भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि
४) व्यवसायीको हकमा बिल बुक र सवारी चालक अनुमती पत्र

**१३ औं दक्षिण एशियाली खेलकुद स्थानिय व्यवस्थापन तथा सहजीकरण समिति अन्तर्गत यातायात व्यवस्थापन समिति पोखरा रंगशाला**

तोरण बानिया
**संयोजक**
**सम्पर्क नं. ९८५६०२८८९१**

शिवहरि पण्डित
सचिव
**सम्पर्क नं. ९८४६०७४८७०**


# स्टेप बाई स्टेपमा अंग्रेजी हिज्जे

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

स्टेप बाई स्टेप माविमा जुनियर तहका विद्यार्थीबीच अंग्रेजी हिज्जे प्रतियोगिता भएको छ । प्रतियोगितामा कक्षा ४ र ५ का विद्यार्थीले सदनात्मक प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा मार्कोनी सदनका विद्यार्थी प्रियोजन परियार कक्षा ५ 'ख', कोहिनुर भण्डारी कक्षा ५ 'क' , उषा पौडेल कक्षा ४ 'क' र प्रशान्त तिमिल्सिना कक्षा ४ 'ख' प्रथम भए भने आइन्सटाइन सदनका नीतिका ढकाल कक्षा ५ 'क', जेनिफर चौधरी कक्षा ५ 'ख', सुप्रिम थापा कक्षा ४ 'ख' र समीर क्षेत्री कक्षा ४ 'क' द्वितीय भएको निर्मला बरालले बताइन् ।

प्रिन्सिपल बरालले यस्ता कार्यक्रमले अंग्रेजी भाषामा शुद्धताका साथै दक्षता वृद्धि हुने भन्दै भाषा प्रयोगबाट नै निखारता आउने बताइन् । कार्यक्रममा सहायक प्रअ दीपक गिरी र कार्यक्रम संयोजक सूर्यप्रसाद लम्साल, शिक्षक पुष्पा चापागाइँ र अतिरिक्त क्रियाकलाप इन्चार्ज जगन्नाथ घिमिरेले बोलेका थिए । शिक्षक वीरेन्द्र बरालले कार्यक्रम सञ्चालन गरेका थिए ।

# 'सबैको विकल्प समाजवादी'

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

कास्की क्षेत्र नं. २ मा हुने उपनिर्वाचनमा समाजवादी पार्टीले चुनावी अभियानलाई तीव्रता दिएको छ । पार्टीले इन्जिनियर धर्मराज गुरुङलाई उम्मेद्वार चयन गरेको छ ।

समाजवादी पार्टीले सोमबार नयाँ गाउँमा र तमुधींको कार्यालयमा प्रचारप्रसार गरेको थियो । नयाँ गाँउमा भएको घरदैलो कार्यक्रममा बोल्दै उम्मेदवार गुरुङले भने, ' चिल्ला कुरा गर्नेहरुले देश डुवाए अव काम गर्नेहरुलाई भोट दिनुस् । समाजवादी पार्टीले गफ गर्दैन काम गरेर देखाउँछ ।'

गुरुङ समुदायबाट १ मात्र



उम्मेद्वार रहेका धर्मराजले यस पटकको चुनाव जित्ने दावीसमेत गरे । वर्तमान पार्टी नेतृत्वबाट जनता आजित भइसकेको तर्क गर्दै गुरुङले भ्रष्टाचार र ढिलासुस्तीबाट नागरिक आत्तिसकेको बताए । उनले हरेक निर्वाचनमा ठूला भन्ने पार्टीले दिएको सास्ती र व्यहोरेको मत परिणामले यो बेलाको विकल्प समाजवादी पार्टी भएको तर्क गरे ।


## हार्दिक समवेदना

जन्म मितिः
वि.सं. १९९७/०५/११



स्वर्गारोहण मितिः
वि.सं. २०७६/०७/१४

**स्व. पञ्च कुमारी गुरुङ**

नेपाल यातायात मजदुर संघ कास्कीका सल्लाहकार तथा पृथ्वीराजमार्ग बस सञ्चालक समिति पोखरा काठमाडौं माइक्रोबसका अध्यक्ष श्री कुलराज गुरुङ (अर्जुन) साथै धौलागिरी बस व्यवसायी समितिका पूर्व अध्यक्ष श्री रामबहादुर गुरुङकी ममतामयी माता **पञ्च कुमारी गुरुङ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**जीतबहादुर गुरुङ**
**केन्द्रीय सदस्य**
**नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समिति**

**दामोदर पण्डित**
**अध्यक्ष**
**नेपाल यातायात मजदुर संघ, कास्की**




# समाधान आर्थिक






# तराईमा सिँचाइ आयोजना बनाउने जापानको प्रस्ताव

**समाधान संवाददाता**
काठमाडौं, २५ कात्तिक

जापानले नेपालको तराई क्षेत्रमा सञ्चालनमा रहेका सिंचाइ आयोजनामा सहयोग गर्ने भएको छ। जापानको कृषि, वन तथा मत्स्य पालन मन्त्रालयको प्रतिनिधि मण्डलले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँग भेट गरी सिंचाइ क्षेत्रमा सहयोग गर्ने प्रस्ताव गरेको हो।

जापानको कृषि, वन तथा मत्स्यपालन मन्त्रालयको विदेश मामिला हेर्ने विभागका उपमहानिर्देशक नाकाडा टाहामीको नेतृत्वको टोलीले सोमबार मन्त्री पुनसँग भेट गरेको हो। जापानी राजदूत मसामिची साइगोसमेत सहभागी बैठकमा सिंचाइ र जलविद्युत क्षेत्रमा गर्न सकिने सहकार्यका विषयमा छलफल भएको थियो। उपमहानिर्देशक नाकाडाले कृषि, जलस्रोत र सिँचाइको क्षेत्रमा जापानले गर्दै आएको सहयोगको



निरन्तरता हुने भन्दै थप सहयोग गर्न जापान तयार रहेको बताए।

मन्त्री पुनले सरकारले सिँचाइतर्फ ठूला आयोजना अघि बढाइरहेको, तराईमा बाह्रै महिना सिंचाइ उपलब्ध गराउने गरी तयारी गरेको र पहाडमा लिफ्ट सिंचाइका लागि काम भइरहेको जानकारी दिए। उनले जापानले कन्काई सिचाइ आयोजनामा पुर्‍याएको सहयोगप्रति धन्यवाद दिँदै सिँचाइको क्षेत्रमा थप सहयोगको अपेक्षा गरेको बताए।

मन्त्री पुनले ऊर्जा मन्त्रालय मातहत रहेको अनुसन्धान केन्द्रलाई सरकारले पहिलो पटक अनुसन्धानका लागि २० करोड रुपैयाँ बजेट बिनियोजन गरेको जानकारी दिए। उक्त संस्थासँग सहकार्य गर्न पनि उपनिर्देशक टाहामीसँग मन्त्री पुनले आग्रह गरे। सिक्टा सिँचाइ परियोजनामा घुलनशील माटोको समस्या देखिएको भन्दै समाधानका लागि सघाउनसमेत मन्त्री पुनले आग्रह गरेका थिए।

भेटमा नलसिंङगाड जलविद्युत परियोजनाको बारेमा समेत छलफल भएको थियो। मन्त्री पुनले नलसिंङगाड जलविद्युत परियोजनामा जापानको लगानी र सहयोग हुने कुरामा नेपाल सरकार ढुक्क भएको बताएका थिए।

## कालिकाको नाफा ७५ लाख

स्याङ्जा, २५ कात्तिक (समाधान)-कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडले चालु आर्थिक वर्षको पहिलो त्रैमासमा ७४ लाख ८३ हजार खुद नाफा गरेको छ। वालिङमा केन्द्रीय कार्यालय रहेको संस्थाले अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा ६ गुणा बढी नाफा आर्जन गरेको हो।

लघुवित्तले चालु पहिलो त्रैमासमा ७४ करोड ९६ लाख निक्षेप संकलन र ९१ करोड २३ लाख सापटीबाट १ अर्ब ८१ करोड ८५ लाख कर्जा परिचालन गरेको संस्थाका प्रमुख कार्यकारी अधिकृत मीनबहादुर बोहराले जानारी दिए। बोहराले गत आवको सोही अवधिको तुलनामा यो १ करोड १५ लाख ५५ हजारले बढी भएको उल्लेख गरे। चुक्ता पुँजी १० करोड ८० लाख रहेको संस्थाले गत आर्थिक वर्षको नाफाबाट १२ प्रतिशत बोनस सेयर वितरण गर्ने घोषणा गरेको छ।

लघुवित्तको प्रतिसेयर आम्दानी पहिलो त्रैमासमा २७.७२ रुपैंया कायम भएको छ भने आम्दानी अनुपात २५ गुणा छ। लघुवित्तको प्रतिशेयर नेटवर्थ १९७ दशमलव ६७ रुपैयाँ रहेको बोहराले बताए। २०६७ स्थापना भएको लघुबित्तका स्याङ्जा, पर्वत, पाल्पा, सल्यान, रोल्पा, धार्दिङ, कैलाली, डडेल्धुरा लगायतका २५ जिल्लामा शाखा छन्।

## १० महिनामा १० लाख पर्यटक

**समाधान संवाददाता**
काठमाडौं, २५ कात्तिक

२०१९ को १० महिनामा झण्डै १० लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांक अनुसार सन् २०१९ को जनवरीदेखि अक्टोबरसम्म ९ लाख ७५ हजार ५ सय ५७ विदेशी पर्यटक नेपाल आएका छन्।

तीमध्ये हवाई मार्ग भएर ८ लाख २० हजार ४ सय ९९ र स्थलमार्गबाट १ लाख ५५ हजार ५८ पर्यटक नेपाल भित्रिएका छन्। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८ प्रतिशतले वृद्धि हो। सन् २०१८ को १० महिनामा ९ लाख ३ हजार ५ सय ३९ पर्यटकले नेपाल भ्रमण गरेका थिए। पर्यटक आगमनको उक्त अवधिमा युरोपबाट १ लाख ९९ हजार ३ पर्यटक आएका छन्। युरोपबाट गत वर्ष १ लाख ९८ हजार ४ सय ९३ पर्यटक नेपाल आएका थिए। अमेरिका र क्यानडाबाट ९२ हजार २ सय ७२ पर्यटक आएका छन्। एसियाली मुलुकबाट झिनो संख्यामा पर्यटक बढेका छन्। खासगरी चाइनिज ताइपेई र थाइल्यान्डबाट क्रमशः ३९ दशमलव ५ र ३२ दशमलव ९ प्रतिशत बढी पर्यटक आएको आकडाले देखाएको छ। ताइपेईबाट ११ हजार ३ सय ८४ र थाइल्यान्डबाट ३९ हजार ६ सय ८ पर्यटक नेपाल भ्रमणमा आएका छन्।

नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटक बढेका छन्। सन् २०१९ को अक्टोबर महिनामा मात्रै चीनबाट १५ हजार ३७ पर्यटकले नेपाल भ्रमण गरेको नेपाल पर्यटन बोर्डले जनाएको छ। यो संख्या गत वर्ष सोही अवधिको तुलनामा ११.५ प्रतिशत बढी हो।

बोर्डको तथ्यांक अनुसार सन् २०१८ मा १२ लाख हाराहारीमा विदेशी पर्यटक नेपाल आएका थिए। उक्त अवधिमा चीनबाट १ लाख ६० हजार पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०१९ को अक्टोबरमा भारतबाट १२ हजार ७ सय ६ पर्यटक नेपाल आएका छन्। यो संख्या अघिल्लो वर्ष सोही अवधिको तुलनामा ९ प्रतिशतले बढी हो। अक्टोबरमा चिनियाँ पर्यटक बढे पनि नेपालमा कुल पर्यटक आगमनमा छिमेकी मुलुक भारत अगाडि छ। सन् २०१९ को दश महिनामा १ लाख ६९ हजार ९ सय ५२ भारतीय पर्यटक नेपाल आएका छन्। उक्त अवधिमा चीनबाट १ लाख ३४ हजार २ सय ८१ पर्यटकले नेपाल भ्रमण गरेका छन्। अक्टोबरमा १ लाख ४३ हजार ८ सय ७० विदेशी पर्यटक नेपाल आएका छन्। अघिल्लो वर्षको सोही अवधिमा १ लाख ३० हजार ७ सय ४ पर्यटक आएका छन्।

भारत नेपालको पर्यटनका लागि मुख्य स्रोत बजार हो भने चीन दोस्रो स्थानमा पर्छ। नेपालमा सबैभन्दा बढी पर्यटक भित्रने मुलुकमा भारत पर्छ। सन् २०१८ मा २ लाख ४ सय ३८ भारतीय नागरिकले नेपाल भ्रमण गरेको बोर्डको विवरणमा उल्लेख छ। गत अक्टोबरमा (असोज २५ र २६ गते) चीनका राष्ट्रपति सी चिनफिङ्ले नेपालको २ दिवसीय राजकीय भ्रमण गरेका थिए। उक्त भ्रमणपछि चिनियाँ पर्यटकको सङ्ख्यामा बढोत्तरी भएको पाइएको छ।


## हार्दिक बधाई



यस विद्यालयका सामाजिक अध्ययन विषयका शिक्षक आदरणीय
**श्री दिनेश अर्यालज्यू**
**सामाजिक अध्ययन मञ्च कास्कीको छैटौं अधिवेशनबाट अध्यक्ष पदमा** निर्विरोध निवार्चित हुनुभएकोमा उहाँप्रति गौरव अनुभव गर्दै बधाई एवं सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

षडानन्द गौतम
प्राचार्य *तथा*
**बाल कल्याण हाइ स्कुल परिवार**
**पोखरा-१३, कुँडहर**



## संगम बचत तथा ऋण सहकारी संस्था लि.
**पोखरा -१५, रामबजार, फोन नं. ०६१-३२१२३३, ४३१८४०**

## लेखा परिक्षकको आवश्यक्ता सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मिति २०७६/०७/२६*

यस संस्थाको आ.ब २०७६।०७७ का लागि आन्तरिक तथा बाह्य लेखा परिक्षणका लागि चाटर्ड एकाउण्टेट आवश्यक भएको हुदाँ इच्छुक एवं लेखापरिक्षण गर्नका लागि अनुमति प्राप्त लेखापरिक्षक संघ/संस्थाहरुलाई तपसिल वमोजिमको कागजपत्रहरु सहित प्रकाशित मिति देखि १५ दिन (२०७६/०८/१०) भित्र पारिश्रमिक लगायतका सम्पूर्ण शुल्कहरु खुलाई सम्वन्धित कार्यालयमा प्रस्ताव पत्र पेश गर्नुहुन यस सूचना प्रकाशित गरिएको छ।

**१. कार्य विवरण :**
१.१. बाह्य लेखापरिक्षकले संस्थाको स्थलगत अनुगमन तथा निरिक्षण गरि बार्षिक रुपमा लेखापरिक्षण प्रतिवेदन पेश गर्ने साथै आन्तरिक लेखा परिक्षकले संस्थाको स्थलगत अनुगमन तथा निरिक्षण गरि त्रैमासिक रुपमा लेखापरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने छ।
१.२. कर योजना र कर परिक्षण कार्यमा सहयोग गर्ने।
१.३. संस्थाको लेखा सुपरिवेक्षण समिति संग समन्वय गरी काम गर्ने।
१.४. अन्तिम लेखापरिक्षण प्रतिवेदन स्पष्ट रुपमा बुझिने गरी नेपाली भाषामा पेश गर्नु पर्नेछ।
१.५. अन्य कार्यहरु सम्झौता बमोजिम हुनेछ।

**२. आवश्यक कागजपत्रहरु :**
२.१. स्थायी लेखा नं. र संस्था दर्ताको प्रमाण पत्र।
२.२. पेशागत प्रमाण पत्र नविकरण सहितको।
२.३. कर चुक्ता प्रमाण पत्र।
२.४. चाटर्ड एकाउण्टेट सदस्यताको प्रमाण पत्र।
२.५. लेखा परिक्षण योजना।

**अपिल कोइराला**
बरिष्ठ व्यबस्थापक



हामीलाई FOLLOW गर्नुहोस्
twitter.com/ samadhan_news




## आवश्यकता

यस संस्थाको लागि निम्न लिखित कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तल उल्लेखित पदमा आफ्नो व्यक्तिगत विवरण (बायोडाटा), हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो एवं हस्तलिखित निवेदनसहित दरखास्त दिन आब्हान गरिएको छ।

| | |
|---|---|
| **१. पद** | : **व्यवस्थापक** |
| **संख्या** | : एक (१) जना |
| **योग्यता** | : बि.बि.ए, बि.बि.ए वा सो सरह उत्तीर्ण (अनुभवीलाई विशेष ग्राहयता) |
| **निवेदन दस्तुर** | : रु.५००।०० |
| **२. पद** | : **कर्जा अधिकृत** |
| **योग्यता** | : प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण |
| **निवेदन दस्तुर** | : रु. ३००।०० |
| **३. पद** | : **बजार प्रतिनिधि** |
| **संख्या** | : केही |
| **योग्यता** | : एस.एल.सी./एसइई वा सो सरह उत्तीर्ण |
| **निवेदन दस्तुर** | : रु.२००।०० |
| **४. पद** | : **कार्यालय सहयोगी** |
| **संख्या** | : एक (१) |
| **योग्यता** | : अष्टम कक्षा उत्तीर्ण गरी नेपाली, अंग्रेजी बुझ्न सक्ने। |

(**नोटः** तलब संस्थाको नियमानुसार गरिनेछ, व्यवस्थापक र कर्जा अधिकृत अनुभवी, सफ्टवेयर चलाउन जान्ने, टाइपिङ नेपाली, अंग्रेजी जान्नेलाई ग्राहयता)
**दरखास्त दिने अन्तिम मितिः** २०७६ मंसिर १० गतेसम्म
*(कृपया फोनबाट कष्ट नगर्नुहोला।)*

**स्वागत बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१४, स्वागतनगर**
**फोन नं. : ०६१-५०१२५१**



ललितपुरको पाटन दरबारस्थित कार्तीडबलीमा आइतबार मध्यराति कात्तिक नाच प्रस्तुत गर्दै कलाकार। यही कात्तिक १५ देखि प्रदर्शनी गरिएको कात्तिक नाच २६ गते मंगलबार समापन हुँदैछ। *तस्बिर : रासस*

# देस्नाको स्मृतिमा भेट्रान्स सेभेन ए साइड सुरु

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

इन्द्रेणी एकीकृत विकास केन्द्रको आयोजनमा सोमबारदेखि देस्ना चन्द स्मृति दोस्रो भेट्रान्स सेभेन ए साइड नयाँ गल्ली कप सुरु भएको छ। पोखरा १ बगरस्थित पुरानो टुँडिखेलमा भएको उद्घाटन खेलमा एलजी एसोसिएसन भेट्रान्सले विजयी सुरुआत गर्‍यो। आयोजक इन्द्रेणी एकीकृत विकास केन्द्र भेट्रान्स र एलजी एसोसिएसन भेट्रान्सबीच भएको खेलमा एलजीले इन्द्रेणीलाई २-१ गोल अन्तरले पाखा लगाएको हो।

पहिलो हाफ बराबरी भएको खेलमा २९ औं मिनेटमा इन्द्रेणीका विनोद गुरुङले गोल गर्दै टिमलाई अघि बढाएका थिए भने एलजीका धनेन्द्र गुरुङले ३८ औं मिनेटमा गोल बराबरी बनाए। खेल सकिन केही समय बाँकी रहँदा एलजीका सुरज गुरुङले गोल गर्दै टिमलाई १ गोलले अग्रता दिए।

मंसिर २९ गतेसम्म सञ्चालन हुने



प्रतियोगिताको विजेता टिमलाई सिल्ड, मेडल तथा प्रमाणपत्रसहित ६५ हजार रुपैयाँ प्रदान गरिने प्रतियोगिताका अर्थ संयोजक हिटलर घलेले बताए। उपविजेता टिमलाई सिल्ड, मेडल तथा प्रमाणपत्रसहित ४० हजार प्रदान गरिने उनले बताए।

विधागत रुपमा उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, सर्वाधिक गोलकर्ता र अनुशासित टिमलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको घलेले बताए। उनका अनुसार सर्वोत्कृट खेलाडी (दाम्पत्य) लाई रुपाकोट रिसोर्टको तर्फबाट १ रात आवास तथा खानाको व्यवस्था गरिएको छ। स्व. देस्ना चन्दको स्मृतिमा पिता विवेक चन्द र माता ग्रीष्मा चन्दले प्रथम पुरस्कार सौजन्य गरेको उक्त प्रतियोगिताबाट संकलित केही रकम इन्द्रेणी एकेडेमी सञ्चालनमा खर्च गरिने अयोजकले जनाएको छ।

पोखरा महानगरपालिका वडा नम्बर १ की अध्यक्ष शारदा पराजुलीले रेफ्रीलाई बल हस्तान्तरण गरी प्रतियोगिता उद्घाटन गरेकी थिइन्। पराजुलीले इन्द्रेणी एकीकृत विकास केन्द्रले पाका खेलाडीबीच भाइचारा वृद्धि गर्न सहयोग गरेको बताइन्।

## नवीन कलाश्री पुरस्कार किरणलाई

पोखर, २५ कात्तिक (समाधान) - कलाकार क्षेत्रलाल कायस्थ प्रतिष्ठान पोखराले स्थापना गरेको नवीन कलाश्री पुरस्कार २०७६ वरिष्ठ कलाकार किरण मानन्धर (काठमाडौं) लाई प्रदान गरिने भएको छ। ५० हजार रुपैयाँ, ताम्रपत्र र दोसल्ला रहेको पुरस्कार गोपाल श्रेष्ठ संयोजक रहेको प्रतिभा छानोट समितिले मानन्धरलाई दिने निर्णय गरेको प्रतिष्ठानले जनाएको छ।



आउँदो मंसिर १ गते नेपाल आर्ट काउन्सिल बबरमहल काठमाडौंमा आयोजना हुने समारोहमा मानन्धरलाई पुरस्कृत गरिने प्रतिष्ठानका सचिव कमल पौडेल अथकले जानकारी दिए। प्रतिभा छनोट समितिमा संयोजक गोपाल श्रेष्ठ, सदस्य भ्फपिन्द्र गुरुङ, हेमकान्ति गुरुङ र पदेन सदस्यमा प्रतिष्ठानका अध्यक्ष लोकप्रसाद गुरुङ र सचिव कमल पौडेल थिए।

मंसिर १ मा हुने सभामा संस्कृतिविद् सत्यमोहन जोशीले मानन्धरलाई पुरस्कृत गर्ने छन्। उक्त पुरस्कार कला क्षेत्रमा लागेका कलाकारलाई प्रत्येक २ वर्षमा प्रदान गरिने प्रतिष्ठानका उपाध्यक्ष एवं परिवारका सदस्य निरज कायस्थले जानकारी दिए। पोखरा तेर्सापट्टिमा प्रधान कार्यालय रहेको प्रतिष्ठानले विभिन्न स्कुलमा विद्यार्थीलाई कलाबारे कक्षा सञ्चालन गर्दै आएको छ। कलाकार क्षेत्रलाल कायस्थले पोखरामा रहेर विभिन्न कलरमा कला भर्दै आएका छन्। पुरस्कार वितरणसँगै कला प्रदर्शनीको समेत तयारी गरिएको सचिव पौडेलले जानकारी दिए।

## त्रिवेणी सांगीतिक साँझ

पोखर, २५ कात्तिक (समाधान) - त्रिवेणी संगीतालयको आयोजनामा त्रिवेणी सांगीतिक साँझ आगामी मंसिर २१ गते शनिबार हुने भएको छ। पोखरा उद्योग वाणिज्य संघको सभा हलमा हुने कार्यक्रमलाई व्यस्थित बनाउन उषा माताको संयोजकत्वमा ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। समितिका सहसंयोजकमा केदार अधिकारी, सचिवमा सुनील बराल र कोषाध्यक्षमा देवीमाया गुरुङ तथा प्रचार संयोजकमा सन्दीप बराल छन्। लामो समयदेखि पोखरामा रहेर संगीत प्रशिक्षण सञ्चालन गर्दै आएको संगीतालयले हरेक वर्ष सांगीतिक साँझका अलावा विविध सांगीतिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# धर्मार्थ अस्पतालमा २४ सै घन्टा सेवा

**समाधान संवाददाता**
दमौली, २५ कात्तिक

जिल्लाको देवघाट गाउँपालिका ५ मा सञ्चालित धर्मार्थ अस्पतालबाट २४ सै घन्टा सेवा सुरु गरिएको छ। दिवा सेवा मात्रै सञ्चालन हुँदै आएको उक्त अस्पतालमा आइतबारबाट २४ सै घन्टा सेवा दिन थालिएको हो।

गलेश्वर आश्रमले २०५७ सालदेखि सञ्चालन गर्दै आएको उक्त अस्पताल गत वर्ष साउन १ गते देवघाट गाउँपालिकालाई हस्तान्तरण भएको थियो। आश्रममा रहेका ज्येष्ठ नागरिक, बालबालिका, तीर्थयात्री तथा स्थानीय समुदायलाई दिवा सेवा प्रवाह गर्दै आएको अस्पतालबाट अब २४ सै घन्टा सेवा चालु गरिने अस्पतालका प्रमुख प्रदीप बुढाथोकीले जानकारी दिए।

बुढाथोकीका अनुसार आइतबारबाटै अस्पतालमा ल्याब सेवा पनि सुरु भएको छ। ल्याब सेवा सुरु भएसँगै इसिजी, भिडियो एक्सरे गर्न सर्वसाधारणलाई चितवन जानु नपर्ने भएको छ। 'गाउँपालिकालाई अस्पताल हस्तान्तरण भएको १ वर्षसम्म दिउँसोमा मात्रै सेवा सञ्चालन थियो,' बुढाथोकीले भने, 'अब भने २४ सै घन्टा सेवा प्रवाह गर्नेछौं।' अस्पतालले चितवनस्थित मेडिकल कलेजसँग प्राविधिक सहयोगका लागि सम्झौता गरेको छ। सम्झौता बमोजिम मेडिकल कलेजका १ जना एमबिबिएस डाक्टरले अस्पतालमा सर्वसाधारणको स्वास्थ्य परीक्षण परीक्षण गर्नेछन्। बुढाथोकीका अनुसार अस्पतालले २०८२ सालसम्म मेडिकल कलेजसँग प्राविधिक सहयोगका लागि सम्झौता गरिएको छ।

उक्त अस्पतालमा ८ जना स्वास्थ्यकर्मी कार्यरत छन्। दरबन्दी थप्न स्वास्थ्य मन्त्रालयसँग माग गरिएको बुढाथोकीले बताए। 'दरबन्दी थप्न मन्त्रालयमा निवेदन दिएका छौं,' बुढाथोकीले भने, 'दरबन्दी थप भएर आएपछि थप सेवा प्रवाहका लागि सहज हुनेछ।' उक्त अस्पतालबाट हाल दैनिक ४० देखि ५० जनाले स्वास्थ्य सेवा लिइरहेका छन्। देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गाबहादुर थापाले अस्पताललाई सुविधायुक्त बनाउन पहल भइरहेको जानकारी दिए। '२४ सै घन्टा सेवा नहुँदा सर्वसाधारणलाई अप्ठेरो परिस्थिति सिर्जना भएको थियो,' थापाले भने, 'अब स्वास्थ्य परीक्षणका लागि सर्वसाधारण अन्यत्र धाउनु पर्दैन।' अस्पतालमा दरबन्दी थप्न पहल भइरहेको र यही आर्थिक वर्षभित्रै दरबन्दी थप भएर आउने आश्वासन प्राप्त भएको थापाले बताए। थापाका अनुसार १५ शय्याको अस्पताललाई स्तरोन्नति गरी २५ शय्याको बनाउन पहल भइरहेको छ। १० रोपनी क्षेत्रफलमा फैलिएको उक्त अस्पतालसँगै जग्गा, यसका अन्य भौतिक संरचना र सबै चल/अचल सम्पत्ति गत वर्ष गाउँपालिका मातहत आएको थियो।

## अन्तर्राष्ट्रिय फेसन विकमा ७ नेपाली सहभागी

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

इपो फेसन विकमा नेपाली मोडल पनि सहभागी भएका छन्। उक्त फेसन विक हालै मलेसियाको इपो सहरमा सञ्चलन भएको थियो। फेसन विकमा नेपालसहित चीन, भारत, मलेसिया, इन्डोनेसिया, जापान तथा सिंगापुरका ४६ जना मोडल र्‍याम्पमा प्रस्तुत भएका थिए। नेपालबाट ५ पुरुष तथा २ महिला मोडल सहभागी भए। जसमा अनील अधिकारी, बाबु सागर गिरी, प्रकाश अधिकारी, पोषण शर्मा, सेरब शेर्पा, हेमा हमाल तथा ज्योति थापा थिए।




नेपालका डिजाइनर ज्वाला पोखरेल एवं जय थापाले पनि उक्त फेसन विकमा सहभागिता जनाए। ३ दिन चलेको उक्त फेसन विकको कोरियोग्राफी खालिक मुस्ताफाले गरेका थिए। फेसन विकमा हरेक दिन १२ वटा सिक्वेन्स प्रस्तुत भएको सहभागी मोडल अनील अधिकारीले जानकारी दिए।

## जोनम च्याम्पियन

**समाधान संवाददाता**
पोखरा, २५ कात्तिक

नेपाल क्योकुसिन कान कराँते संघ लेखनाथ डोजोले आयोजनामा डोजो च्याम्पियनसिप प्रतियोगिता भएको छ। प्रतियोगितामा १४ वर्ष मुनिका पुरुष सिनियर खेलाडी समूहमा जोनम राना पहिलो र संगम थापा दोस्रो भएका छन्। १४ वर्षमुनिका पुरुष जुनियर खेलाडीबीच भएको प्रतियोगितमा अनुपा सोटी पहिलो र विनोद पाण्डे दोस्रो भएका छन्।

१२ वर्षमुनिको सिनियर पुरुष खेलाडीबीच भएको प्रतियोगितामा रोशन गुरुङ पहिलो र गौरव थापा दोस्रो भएका छन्। १२ वर्षमुनिका जुनियर पुरुष खेलाडीबीच भएको खेलमा सुदन श्रेष्ठ पहिलो र सुशान्त श्रेष्ठ दोस्रो भए।

१० वर्षमुनिका पुरुष खेलाडीबीच भएको प्रतियोगितामा सालिन केसी पहिलो र सुजल गुरुङ दोस्रो भएका छन्। ८ वर्षमुनिका पुरुष खेलाडीबीच भएको प्रतियोगितामा वियोन गुरुङ पहिलो र नीरज राई दोस्रो भएका छन्। ८ वर्षमुनिका महिला खेलाडीबीच भएको प्रतियोगितामा सोहना श्रेष्ठ पहिलो र युसुनी श्रेष्ठ दोस्रो भएका छन्।

## नेपाली क्रिकेट टोली बंगलादेशतर्फ

**राष्ट्रिय समाचार समिति**
काठमाडौं, २५ कात्तिक

बंगलादेशमा यसै साता सुरु हुने 'एसिसी इमर्जिङ टिम्स एसिया कप' क्रिकेट प्रतियोगिता खेल्न राष्ट्रिय क्रिकेट टोली त्यसतर्फ प्रस्थान गरेको छ।

कात्तिक २८ देखि मंसिर ७ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिता खेल्न ९ खेलाडी सम्मिलित टोली सोमबार बंगलादेश प्रस्थान गरेको नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले जानकारी दिए। यसअघि हिमालय एयरलाइन्समा सबै सदस्यको मंगलबारका लागि टिकट काटे पनि अन्तिम समयमा रद्द भएपछि ३ चरणमा टोली पठाउन लागिएको अध्यक्ष चन्दले बताए। 'अन्य खेलाडी मंगलबार र बुधबार बंगलादेश जानेछन्,' उनले भने। बंगलादेश प्रथान गर्नेमा विनोद



भण्डारी, सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, इशान पाण्डे, ललितनारायण राजवंशी, आरिफ शेख, पवन सर्राफ, करण केसी र एनालिस्ट रमन शिवाकोटी छन्। मंगलबार प्रशिक्षक उमेश पटवाल, कप्तान ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर, दीपेन्द्रप्रताप सिंह (सहायक प्रशिक्षक) र फिजियो विक्रम न्यौपाने तथा बुधबार कुशल भुर्तेल, सन्दीप जोरा, सुशन भारी, अविनाश बोहोरा, रोहितकुमार पौडेल र व्यवस्थापक प्रशान्तविक्रम जाने छन्। उक्त प्रतियोगितामा नेपालसहित टेस्ट राष्ट्र भारत, पाकिस्तान, श्रीलंका, अफगानिस्तान, बंगलादेश, ओमान र हङकङ सहभागी छन्। नेपाल समूह 'बी' मा छ। उक्त समूहमा भारत, बंगलादेश र हङकङ छन् भने समूह 'ए' मा ओमान, पाकिस्तान श्रीलंका र अफगानिस्तान छन्। नेपालले पहिलो खेल कात्तिक २८ गते भारतसँग खेल्नेछ। नेपालले कात्तिक ३० गते हङकङसँग तथा मंसिर २ गते बंगलादेशसँग खेल्नेछ।

## हक्की संघमा मर्सानी

कास्की, २५ कात्तिक (समाधान) - जिल्ला आइस हक्की संघको अध्यक्षमा पुनः विद्या मर्सानी निर्विरोध निर्वाचित भएका छन्। संघको सोमबार पोखरामा भएको अधिवेशनले मर्सानीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

समितिको प्रथम उपाध्यक्षमा सूर्यप्रसाद श्रेष्ठ, द्वितीय उपाध्यक्षमा रामप्रसाद गुरुङ, सचिवमा पुनम गुरुङ र कोषाध्यक्षमा विजय गुरुङ चयन भएका छन्। सदस्यमा सुनील मानन्धर, अरुण दत्त, शेरबहादुर गुरुङ, इन्द्रा ढकाल र दीननाथ बराल छन्। १ सदस्यपछि मनोनित गरिने अध्यक्ष मर्सानीले बताए। संघका केन्द्रीय उपाध्यक्ष मदन केसीले पोखरा तथा समग्र नेपालमा नै हक्की खेलको प्रशस्त सम्भावना रहेको औंल्याए। उनले आगामी मंसिर २ गते संघको केन्द्रीय महाधिवेशन हुने जानकारी दिए। जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले जिल्लामा १ सय खेलको संघ दर्ता भएको उल्लेख गर्दै आइस हक्की संघलाई आफ्ना गतिविधिलाई नियमित सञ्चालन गर्न आग्रह गरे।

WANTED
1. Typist
Good command over Nepali and English typing.
Experience candidate will be given preference
2. Cook - 3 years experience
Pokhara United Academy
Bhadrakali Marga, Pokhara-12
061-550491, 9856020059, 9846065111




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com